मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३


भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३४७ ★ ने. सं. ११४६ पोहेला गा, प्रतिपदा ★ आइतबार ★ २० पुस, २०८२ ★ January 4, 2026, Sunday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## जनतामा लडाकु भावना भएसम्म समाजवादी आन्दोलन नहार्ने



भक्तपुर, १९ पुस । नेपाल मजदुर किसान पार्टीको आठौँ अधिवेशनपछिको पहिलो (३७ औँ) केन्द्रीय परिषद् शुक्रबार र शनिबार भक्तपुरमा सम्पन्न भयो ।

परिषद्मा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले स्रष्टा समाज नेपालले प्रकाशन गरेको थोमस मोरको ‘कल्पनालोक’ पुस्तकको भावानुवाद सार्वजनिक गर्नुभयो ।

परिषद्मा पार्टी अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “बेलायतको सामन्तवादी व्यवस्थामा पुँजीपतिवर्गले समेत टाउको उठाएर हिँड्न पाउँदैनथ्यो । सामन्तवर्गले पुँजीपतिवर्गसँग कर बढाउँदै लगेपछि पुँजीपतिवर्गले मजदुरवर्ग समेतको सहयोगमा संसारमा पहिलोपटक बेलायतको राजतन्त्रलाई समाप्त पारेको थियो । यसपछि बेलायतका सामन्त र पुँजीपतिवर्ग मिलेर मजदुरवर्गलाई दबाउन थाले । यो प्रतिक्रान्तिलाई बेलायतको गौरवपूर्ण क्रान्ति भनियो । त्यो भनाइ झूटो हो ।”

उहाँले भन्नुभयो, “प्रतिक्रियावादीहरूले कलाकार, खेलाडी, व्यवसायी समेतलाई दूत बनाएर आफ्नो स्वार्थ पूरा गर्ने गर्छन् । विद्यार्थीलाई परीक्षाबिना उत्तीर्ण गराउने, विदेशीलाई नेपाली नागरिकता दिने, नेपालीलाई भुटानी शरणार्थी बनाएर विदेश पठाउने सरकारहरू देशद्रोही र प्रतिक्रियावादी हुन् ।”

कार्यकर्ताहरू बौद्धिकरूपमा अघि बढ्नु जरुरी रहेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले सुविधालाई होइन देश र जनतालाई प्राथमिकतामा राख्नुपर्ने र जस्तोसुकै कठिनाइ सामना गर्न पनि कार्यकर्ताहरू तयार हुनुपर्नेमा जोड दिनुभयो ।

पदमा बसेकाहरू जिम्मेवारी बिर्सेर भाग्नु अपराध स्वीकार गर्नुजस्तै हुनेतर्फ सचेत गराउँदै अध्यक्ष बिजुक्छेँले भेनेजुयलामाथि भएको अमेरिकी साम्राज्यवादको आक्रमणको विश्वव्यापी भर्त्सना भइरहेको छ, नेपाली जनताले पनि निन्दा गर्नेछन् भन्नुभयो ।

अक्टोबर समाजवादी क्रान्तिपछि सोभियत सङ्घले रुसको तीव्र विकास गरेको उल्लेख गर्दै चीन र प्रजग कोरिया, क्युवाको साम्राज्यवादविरोधी सङ्घर्षमा ऐक्यबद्धता जनाउँदै अघि बढ्नुपर्नेमा अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

उहाँले जनतामा लडाकु भावना भएसम्म जनताको समाजवादी आन्दोलन नहार्ने उल्लेख गर्दै पार्टी कार्यकर्ताहरू देश र जनताको तत्काल र दीर्घकालको हितमा समर्पित भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “पुस्तकालयमा बस्ने कर्मचारीहरू पुस्तक अध्ययन गर्न आउनेदेखि दिक्क मान्नुहुँदैन । आफूले पनि पुस्तक अध्ययन गरेर समाजको सेवा गर्नु जरुरी छ ।”

परिषद्ले पार्टीको ५२ औँ स्थापना दिवस माघ १० गतेको अवसरमा माघ महिनाभरि क्रान्तिकारी नेताहरूको जीवनी र कृति, संसारका मुख्य मुख्य मजदुर र कम्युनिस्ट आन्दोलन तथा पार्टी प्रकाशनहरूबारे अध्ययन एवम् अन्तरक्रिया गर्ने निर्णय गर्‍यो ।

परिषद्मा फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको लागि अध्यक्ष बिजुक्छेँको अध्यक्षतामा घोषणापत्र तयारी समिति र पार्टी सचिव प्रेम सुवालको संयोजकत्वमा केन्द्रीय चुनाव प्रचारप्रसार समिति गठन गर्ने निर्णय भयो ।

परिषद्मा पेस भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरूलाई अन्तिम रूप दिने जिम्मेवारी पार्टी केन्द्रीय सचिवालयलाई दिइएको छ ।

शनिबार पार्टी केन्द्रीय सदस्य, जिल्ला समिति र वर्गीय तथा पेसागत सङ्गठनको प्रतिवेदनहरू बैठकमा पेस गरिएका थिए ।

## भेनेजुयलामाथि अमेरिकाद्वारा कायरतापूर्ण साम्राज्यवादी आक्रमण



भक्तपुर, १९ पुस । शनिबार स्थानीय समयअनुसार एकाबिहान २ बजे संरा अमेरिकाले भेनेजुयलामाथि कायरतापूर्ण आक्रमण गरेको छ । विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएअनुसार भेनेजुयलाको सरकारले राष्ट्रिय सङ्कटकाल घोषणा गरेको छ । एक विज्ञप्ति जारी गर्दै उसले भेनेजुयाली भूमि तथा जनतामाथि संरा अमेरिकाले गरेको ‘अत्यन्त गम्भीर सैन्य आक्रमणको निन्दा एवम् भर्त्सना’ गरेको ‘सत्तापलट’ गर्न खोज्ने प्रयास अघिल्ला दुस्प्रयासहरूजस्तै विफल हुनेछ ।” उसले अमेरिकी आक्रमणले संयुक्त राष्ट्रसङ्घको बडापत्र तथा अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरेको बताएको छ ।

राजधानी काराकससँगै अमेरिकाले ला ग्वाइरा, आराग्वा, मिरान्दालगायत प्रान्तमा पनि हवाई बमबारी गरेको छ । भेनेजुयली अधिकारीहरूले बमबारीमा कारण कैयन् भेनेजुयाली मारिएको र घाइते भएको जनाएका छन् । आक्रमणका कारण विद्युत् आपूर्तिलगायत भौतिक पूर्वाधारमा क्षति पुगेको बताइएको छ ।

**भेनेजुयला सरकारको वक्तव्य**

अमेरिकाको शृङ्खलाबद्ध आक्रमणलगत्तै राष्ट्रपति मादुरोको छ । वक्तव्य भन्छ - “राष्ट्रको राजनीतिक स्वाधीनतालाई बलपूर्वक तोड्दै यस आक्रमणको उद्देश्य भेनेजुयलाका रणनीति सम्पदामाथि कब्जा जमाउनु हो; खासगरी तेल र खनिज सम्पदा कब्जा गर्नु हो ।”

विज्ञप्ति अगाडि भन्छ - “फासीवादी सम्भ्रान्त वर्गसँगको मिलेमतोमा देशको गणतान्त्रिक सरकारलाई ध्वस्त गर्न बलजफ्ती उपनिवेशवादी युद्ध थोप्ने र बलात

सरकारी विज्ञप्तिमा सिमोन बोलिभारलगायत देशभक्त नेताहरूको विरासत कायम गर्दै भेनेजुयलाका जनतासँग साम्राज्यवादी आक्रमणको प्रतिरोध गर्न र देशको स्वाधीनता रक्षा गर्न आह्वान गरिएको छ । त्यस्तै, बोलिभारियाली सशस्त्र बललाई देशैभरि सार्वभौमिकता तथा शान्तिका लागि तैनाथ हुन निर्देशन दिइएको छ । विज्ञप्तिमा अमेरिकी आक्रमणविरुद्ध अन्तर्राष्ट्रिय

बाँकी पृष्ठ ८ मा

## भेनेजुयलामाथि अमेरिकी हमलाको विश्वभरबाट निन्दा

भेनेजुयलामाथि संरा अमेरिकाको कायरतापूर्ण हमलाको विभिन्न देशका सरकार, राजनीतिक पार्टीहरू र उच्चपदस्थहरूले आपत्ति, विरोध र कडा निन्दा गरेका छन् ।

भेनेजुयलाको छिमेकी कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले आक्रमणको विषयलाई लिएर संयुक्त राष्ट्र सङ्घको आपतकालीन बैठक बोलाउनुभएको छ । वामपन्थी राष्ट्रपति पेट्रोले सामाजिक सञ्जाल एक्समा भेनेजुयलामा भएको आक्रमणको बारेमा सम्पूर्ण विश्वलाई सचेत गराइरहेको जनाइएको छ ।

क्युवाले अमेरिकी आक्रमणको निन्दा गर्दै अन्तर्राष्ट्रिय समुदायसित तत्काल त्यसविरुद्ध प्रतिक्रियाको लागि आह्वान गरेको छ ।

क्युवाली राष्ट्रपति एवं क्युवाली कम्युनिष्ट पार्टीका प्रथम सचिव मिग्जेल डियाज कानेल बर्मुडेज, प्रधानमन्त्री मानुयल मारेरो क्रुज र विदेशमन्त्री ब्रुनो रोड्रिग्वेजले एक्समा लेख्दै अमेरिकी आक्रमणको निन्दा र भेनेजुयलाको सार्वभौमिकताको रक्षाको आह्वान गर्नुभएको छ ।

निकारागुवा सरकारले संरा अमेरिकाको कायरतापूर्ण कदमको निन्दा गर्दै भेनेजुयाली राष्ट्रपति निकोलस मादुरोलाई सकुशल फिर्ता गर्न माग गरेको छ ।

रुसको विदेश मन्त्रालयले भेनेजुयलाविरुद्धको अमेरिकी आक्रमणको निन्दा गरेको छ । उसले दुबै पक्षलाई संयम अपनाउन आग्रह गरेको छ ।

यस आक्रमणलाई जायज ठहराउन गरिएका बहाना न्यायसङ्गत छैनन् । विश्वासमा आधारित व्यवहारिक सम्बन्ध निर्माण गर्ने इच्छाशक्तिमाथि वैचारिक रूपमा प्रेरित शत्रुता हाबी भएको छ, रूसी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

रूसले सङ्कट समाधानका कूटनीतिक पहल र वार्ताको मध्यस्थता गर्न तयार रहेको बताएको छ ।

यसअघि इरानले आक्रमणको कडा निन्दा गरेको थियो । “अमेरिकी सेनाले आक्रमण गरेर भेनेजुयलाको राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डताको खुलेयाम उल्लङ्घन गरेको छ । हामी यसको कडा निन्दा गर्छौं,” इरानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

ब्राजिलको सत्तारुढ मजदुर पार्टीले पनि भेनेजुयलामाथि अमेरिकी आक्रमण कुनै पनि बहानामा जायज ठहर नहुने बताउँदै कडा विरोध जनाएको छ ।

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले भेनेजुयालमाथि अमेरिकी आक्रमणको निन्दा गर्दै भेनेजुयाली जनता र सरकारप्रति ऐक्यबद्धता जाहेर गरेको छ ।

## आक्रमण र हस्तक्षेपको विरोध गर्नु सञ्चारकर्मीको धर्म

देश विदेशका विभिन्न खबर, घटना थाहा पाउने एक भरपर्दो माध्यम सञ्चार क्षेत्र नै हो । कहीँ कतै घटेका, भएका नयाँ खबर सञ्चारको विभिन्न क्षेत्रबाट हामी तुरुन्तै थाहा पाउँछौँ । सरकारबाट हुने ज्यादती, थिचोमिचो, शोषण, दमन, अत्याचार, असमानता, पक्षपात आदिको विरोधमा हुने प्रदर्शन, सभा आदि कुरा अहिलेको अहिल्यै थाहा हुन्छ । ताजा खबर मात्र होइन विगतमा घटेका विभिन्न राजनीतिक घटना, इतिहास, सङ्घर्ष र विद्रोहका खबर पनि हामी सजिलै थाहा पाउन सक्छौँ । इजरायलले प्यालिस्टिनमाथि लगातार बम वर्षा र हवाई आक्रमण गरेर सहर ध्वस्त पार्दा र नरसंहार गर्दाको विरोध विश्वका सम्पूर्णजसो देशका जनताले गरेका थिए । विश्वका विभिन्न देशमा भएको विरोध प्रदर्शनको समाचार र तस्बिर संसारभर फैलिएको थियो । देशको सम्पत्ति लुट्ने, सम्पत्तिमा रजाइँ गर्ने, पदको दुरुपयोग गरी भ्रष्टाचार र अनियमितता गर्नेहरूको खबर छापामा ल्याएर उदाङ्ग्याउने, खबरदारी गर्ने र कडा कारबाहीको मागसहित जनतामाझ उजागर गर्ने काम पनि सञ्चार क्षेत्रले गरिरहेको यथार्थ हो । संयुक्त राज्य अमेरिकाले अहिले भेनेजुयलामा आक्रमण गरी क्षति पुर्‍याएको छ । त्यसको सबैले निन्दा गर्नुपर्छ । यस

बाँकी पृष्ठ ८ मा

# हाडजोर्नीको स्वास्थ्य शिविर सम्पन्न




भक्तपुर, १९ पुस । भक्तपुर नगरपालिका वडा नं १० को आयोजनामा हाडजोर्नीको स्वास्थ्य शिविर उपप्रमुख रजनी जोशीको आतिथ्यमा शनिबार बेखाल सहरी स्वास्थ्य केन्द्रमा सम्पन्न भयो ।

उहाँले घरदैलो नर्सिङ सेवा र स्वास्थ्य स्वयम्सेविकाहरूको प्रतिवेदनको आधारमा नगरवासीहरूलाई स्वस्थ राख्न शिविरको आयोजना गरेको बताउँदै दीर्घ बाल मुटु रोगको स्वास्थ्य परीक्षण गरी नि:शुल्क अपरेसनसमेतको व्यवस्थापन गरेको बताउनुभयो ।

उहाँले देशको लागि जनताले धेरै काम गर्न बाँकी रहेकोले जनता सधैं स्वस्थ र बलियो भइरहनुपर्ने बताउँदै उच्च शिक्षाबाट कोही पनि बञ्चित हुनु नपरोस् भनेर शैक्षिक ऋणको व्यवस्था गरेको बताउनुभयो ।

उहाँले जनतालाई स्वस्थ बनाउन ठाउँ ठाउँमा कसरतको व्यायामका सामानहरू राखेको र छिकोन व्यायाम प्रशिक्षण दिइरहेको बताउँदै आदर निकेतनको व्यवस्था र यसै वडामा शिशुस्याहार केन्द्रसमेत निर्माण गरिरहेको बताउनुभयो ।

कार्यक्रममा वडाका वडाध्यक्ष एवं सभापति लक्ष्मीप्रसाद ह्यौंमिखाले नगरवासीहरूलाई रोगबाट मुक्त बनाउने स्वास्थ्य शिविर सञ्चालन, रोगै लाग्न नदिन सरसफाइ र कुहिने र नकुहिने छुट्याई सङ्कलन गरिरहेको बताउँदै जसरी सवारी साधन सर्भिसिङ गरिरहन्छौं त्यस्तैगरी हाम्रो शरीरको पनि स्वास्थ्य परीक्षण गरिरहनुपर्ने बताउनुभयो ।

उहाँले विदेशी ऋणले विकास गर्नुभन्दा आफ्नै खुट्टामा उभिएर विकास गर्नुपर्ने बताउँदै विदेशी ऋण प्रतिव्यक्ति ९० हजार रुपैयाँ पुगेको बताउनुभयो ।

कार्यक्रममा डा.मनिष प्रधानाङ्ग, कृष्णनारायण डुमरु, लक्ष्मीप्रसाद चवालले पनि बोल्नुभएको थियो । शिविरमा १५० जनाले सेवा लिनुभएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

# ब्यासी सांस्कृतिक समूहद्वारा प्रमाणपत्र वितरण कार्यक्रम

भक्तपुर , १९ पुस । ब्यासी सांस्कृतिक समूहले विभिन्न सांस्कृतिक प्रतियोगिता र कार्यक्रममा सहभागिता जनाएका कलाकारहरूलाई शनिबार बनभोज कार्यक्रमसहित प्रमाणपत्र वितरण गरेको छ ।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका पूर्वअध्यक्ष एवं साबिक भनपा-१५ का वडाध्यक्ष रवीन्द्र खर्बुजाले नयाँ पुस्तालाई औपचारिक शिक्षाका अतिरिक्त परम्परागत सीप, कला र खेलकुद पनि सिकाउन आवश्यक रहेको बताउनुभयो ।

उहाँले हाम्रो कला, संस्कृति र सम्पदाको जगेर्ना आत्मनिर्भर भएर गर्नुपर्ने बताउँदै विदेशी सहयोग सशर्त आउने र त्यसले हाम्रो आत्मसम्मान कायम रहन नसक्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भनपा वडा नं. २ का अध्यक्ष गणेशप्रसाद सुवालले नृत्य र गायनमा सफल भएका नयाँ पुस्ता र सिकाउने गुरु गुरुआमाहरू सम्मानका हकदार भएको बताउँदै बधाई तथा उत्तरोतर प्रगतिको निम्ति शुभकामना व्यक्त गर्नुभयो ।

ब्यासी सांस्कृतिक समूहका अध्यक्ष सत्यनारायण बासुकलाको सभापतित्वमा भएको कार्यक्रममा अतिथि खर्बुजाले सांस्कृतिक कलाकार र गुरुहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा समूहका सुन्दर ब्याञ्जु र सिद्धिराम सुवालले पनि लोपोन्मुख नाचगान र बाजालाई संरक्षण गर्नुपर्ने बताउनुभयो ।

# सिम्रिक बचत तथा ऋण सहकारीको १६ औँ वार्षिक साधारणसभा

भक्तपुर, १९ पुस । सिम्रिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ । चाँगुनारायण नगरपालिका वडा नं. ९ ताथलीको उक्त सहकारीको उद्घाटन संस्थाका अध्यक्ष रमेश न्हेम्हाफुकीले गर्नुभएको थियो ।

कार्यक्रममा सहकारीका सचिव हरिसुन्दर छुकांले संस्थाको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष अर्जुनप्रसाद सुवेदीले आर्थिक प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिका संयोजक बद्रीबहादुर खड्काले लेखा परीक्षण प्रतिवेदन, ऋण उपसमितिका संयोजक उत्तम साखकर्मीले ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदन प्रस्तुतकर्ताहरूले प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको वर्तमान अवस्था, उपलब्धि र भावी प्रतिबद्धताबारे जानकारी गराएका थिए ।

कार्यक्रममा अध्यक्ष न्हेम्हाफुकीले सहकारी ऐन २०४८ बमोजिम २५ जना सदस्यहरूको सहभागितामा स्थापना भएको सिम्रिक बचत तथा ऋण सहकारी सामाजिक र वित्तीय दुवै जिम्मेवारी बोकेको संस्था भएको स्पष्ट पार्नुभयो । उहाँका अनुसार संस्था वि.सं. २०६७ असार १ गतेदेखि दैनिक कारोबार थालनी भएको थियो ।

‘आपसी सहयोग, साथ र सामूहिकता : वित्तीय समस्याको समाधान, सिम्रिकको सुनिश्चितता’ भन्ने नाराका साथ अघि बढिरहेको बताउँदै सचिव छुकांले सदस्यहरूको साथ, सहयोग र विश्वासकै कारण संस्था निरन्तर अघि बढ्न सफल भएको बताउनुभयो । उहाँले सहकारीमा हाल ६३९ जना सदस्य रहेको जानकारी दिनुभयो ।

कोषाध्यक्ष सुवेदीले देशको वर्तमान आर्थिक अवस्था तथा सदस्यहरूको वित्तीय स्थितिलाई मध्यनजर गर्दै विगत केही वर्षदेखि साधारणसभालाई मितव्ययी रूपमा सम्पन्न गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा ऋण समितिका संयोजक साखकर्मी, लेखा सुपरिवेक्षण समिति संयोजक खड्काले सहकारीले ऋण व्यवस्थापनलाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिनुभयो । साधारणसभाले सहकारीको बचत, ऋण र सदस्यको हितका लागि विभिन्न नीति पारित गरेको छ ।

# सिद्धि गणेश साकोस खुला फिडे रेपिड रेटिङ २००० मुनि बुद्धिचाल प्रतियोगिता सम्पन्न

भक्तपुर, १९ पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को युवा उपसमितिको आयोजना तथा भक्तपुर नगरपालिका वडा नं ७ का वडाध्यक्ष उकेश कवांको आतिथ्यमा सिद्धि गणेश साकोस खुला फिडे रेपिड रेटिङ २००० मुनि बुद्धिचाल प्रतियोगिता शनिबार सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वडा नं ७ का वडाध्यक्ष उकेश कवांले नेपालका कुनै पनि खेल विवादरहित नरहेको उल्लेख गर्दै वर्तमान अवस्थामा क्रिकेट खेल अरु खेलभन्दा केही अघि बढेको बताउनुभयो । उहाँले खेलसम्बन्धी नीति राम्रो भए पनि नीतिको कार्यान्वयन फितलो रहेको बताउनुभयो ।

उहाँले शासकहरूले विदेशीहरूको चलखेलमा देशको नीति निर्माण गर्ने गरेको बताउँदै तिनीहरूले जनताबाट उठेको करको उचित सदुपयोग नगरी देशलाई खरबौंको ऋणको भारी बोकाई समस्या निम्त्याइएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले स्थापनाकालदेखि नै संस्था सामाजिक क्रियाकलापमा सक्रिय रहेको बताउनुभयो । उहाँले समाजलाई विकास गर्ने सहकारीको विकास सहजै हुँदै जाने तर समुदायको चासो नराख्ने पैसा मात्र सङ्कलन गर्न स्थापना भएका सहकारीहरू समस्यामा पर्दै जाने उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति, संस्थाका उपाध्यक्ष एवं उपसमितिका संयोजक विष्णुराम दुमरुले संस्थाबाट विभिन्न खेल प्रतियोगिताहरू आयोजना गर्दै आएको जानकारी दिँदै खुला चेस प्रतियोगिता पहिलोपटक संस्थाबाट आयोजना भएको जानकारी दिनुभयो ।

चेस प्रतियोगितामा अभिक श्रेष्ठ प्रथम, सुमन लामा दोस्रो, राजीव कार्की तेस्रो, शैलेन्द्र न्योपाने चौथो, भगवतीप्रसाद शर्मा पाँचौं, सविन चन्द्र घिमिरे छैटौं, विक्रम चोकामी सातौं, नवीनकुमार चौधरी आठौं, सुजन काफ्ले नवौं, केशव श्रेष्ठ दसौं हुन सफल भएका थिए भने best local गणेशमान दुवाल, best below1900 हर्कबहादुर चोङवाङ, best below1800 सोम आले, best below1700 हिमाल तामाङ, best veteran नविन तन्दुकार best un-rated सिवेशकुमार शाह, best u 16 प्रत्युस श्रेष्ठ, best woman यशवसी शर्मा बन्न सफल भएका थिए ।




कार्यक्रममा अन्तर्राष्ट्रिय आर्बिटर ज्ञानेन्द्र खाइजु, संस्थाका व्यवस्थापक शिला गोसाई तथा उपसमितिका सचिव जसतारा कोजुले पनि बोल्नुभएको थियो ।

यसैबिच संस्थाको शिक्षा उपसमितिको आयोजनामा अनिवार्य शिक्षा शिविर एवं अन्तरविद्यालय/सहकारी हाजिरीजवाफ प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि उकेश कवांले व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि सञ्चालन भएका सहकारी संस्थाहरूमा आर्थिक अपचलन भई न्यून आय भएका सदस्यहरूको बचत धरापमा परेको बताउनुभयो ।

वडाध्यक्ष कवांले देशको राजनीतिक स्थितिबारे जनतालाई सचेत गर्नु हरेक राजनीतिक पार्टीहरूको कर्तव्य रहेको उल्लेख गर्दै सो कार्यको लागि नियमित बैठक तथा सामाजिक भेटघाटको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले हाजिरीजवाफ प्रतियोगिताका विजेता टोलीहरूलाई पदक, ट्रफि र प्रमाण-पत्र प्रदान गर्नुभएको थियो ।

संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले एकआपसमा मिली कुनै कार्य गर्नु नै सहकारी हो भन्दै नियमन निकायबाट जारी भएको सदस्य बनाउन पूर्व सहकारी शिक्षा प्रदान गर्नुपर्ने निर्देशन संस्थाले स्थापनाकालदेखि गर्दै आएको जानकारी दिनुभयो ।

संस्थाका पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य कृष्णगोविन्द लाखाले ऋण कारोबारको लागि मात्र संस्थाको सदस्य बन्न चाहेमा ती व्यक्तिलाई सदस्यता प्रदान गर्न नहुने बताउँदै कारोबार गर्ने सहकारी संस्थाबारे जानकार भएर मात्र सहकारी संस्थाको सदस्य बन्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रमका सभापति, संस्थाका सचिव एवं उपसमितिका संयोजक विष्णुप्रसाद दुमरुले संस्थाको पृष्ठभूमिबारे जानकारी दिँदै सहकारी संस्थाहरूले आफ्नो कार्यक्षेत्र निर्धारण गरी सोही कार्यक्षेत्रमा मात्र कारोबार गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले संस्थामा सेवा सुविधाको जानकारी गराउँदै सम्पत्ति शुद्धीकरणको परिपालनाअन्तर्गत सदस्य पहिचान फारम अद्यावधिक गर्न अनुरोध गर्नुभयो । कार्यक्रममा समितिका सदस्य रामहरि ताम्राकार र उपसमिति सचिव किरण बनमालाले पनि बोल्नुभएको थियो ।

त्यसैगरी संस्थाको लघुवित्त तथा बचत समूह परिचाल उपसमितिको आयोजनामा एकहप्ते पिठोको परिकारसम्बन्धी पाक शिक्षा तालिम सिद्धि गणेश तालिम हल, खँचामा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले संस्था आर्थिक कारोबारमा मात्र सीमित नरही युवाहरूलाई सीप विकासका तालिमहरू निरन्तर सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले संस्थाबाट लिएको ऋणको साँवा ब्याज समयमै भुक्तानी भए कुनै ऋण सुरक्षण व्यवस्था गर्न नपर्ने कारणले सदस्यहरूले पाउने लाभांशको प्रतिशतमा वृद्धि हुने उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति, संस्थाका सञ्चालक सदस्य एवं उपसमिति संयोजक रत्नश्वरी चवालले पाक शिक्षा तालिमको माध्यमले हाम्रो घरमै उपलब्ध सामग्रीहरूले स्वस्थकर खाना बनाउन सकिने उल्लेख गर्दै तालिममा कम समय भए तापनि धेरै परिकारहरू बनाउन सिकेको बताउनुभयो । उहाँले संस्थाको सूचना ‘मजदुर’ दैनिक एवं संस्थाको फेसबुक पेजबाट लिन सकिने जानकारी दिनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक सुनिल सुवालले तालिमबाट घरमै स्वस्थकर खाना कसरी बनाउने भन्ने ज्ञान प्रदान गर्ने बताउँदै तालिम सहभागीहरूको लागि एक अवसर रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई, उपसमिति सचिव केशव बोहजु एवं प्रशिक्षार्थी सुमन थिकेले पनि बोल्नुभएको थियो ।

# भिन्तुना साकोसद्वारा सोडा बनाउने तालिम

भक्तपुर, १९ पुस । भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. महिला तथा बालबालिका समितिको आयोजनामा वासिङ मेसिनमा लुगा धुने प्रयोग गर्ने सोडा बनाउने तालिमको उद्घाटन संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले तालिम प्रशिक्षक शारदा शाक्यलाई शनिबार तालिम सामग्री हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सुवालले भिन्तुना साकोसले बचत तथा ऋण मात्र कारोबार नगरी अन्य संस्थाका शेयर सदस्य र जनतालाई सुसूचित गर्ने कार्यक्रम पनि गर्दै आएको बताउनुभयो । संस्थाले समय समयमा शेयर सदस्यहरूको चाहनाबमोजिम विभिन्न किसिमका सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको बताउँदै उहाँले तालिममा सिकेको कुरा अरु साथीलाई पनि सिकाउन सक्ने गरी तालिम लिनुहुन आग्रह गर्नुभयो ।

उहाँले संस्थाले समय समयमा ज्येष्ठ नागरिकहरूलाई धार्मिक अध्ययन भ्रमण, संस्थाका बाल बचतकर्तालाई भौगोलिक अध्ययन भ्रमण गराउँदै आएको जानकारी गराउनुभयो । संस्थाले ज्येष्ठ नागरिक दिवसको अवसरमा यही पुस २६ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा संस्थाको ७० वर्ष उमेरमाथिका ज्येष्ठ शेयर सदस्यहरू तथा ज्येष्ठ नागरिक बचतकर्तालाई सम्मान गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा तालिम संयोजक एवं महिला तथा बालबालिका उपसमिति संयोजक चन्चल सुवालले वासिङ मेसिनमा प्रयोग गरिने सोडा बनाउने तालिम लिई राम्रोसँग प्रयोग गर्ने आशा राख्दै अरु बेलामा दिइने तालिमहरूमा पनि सहभागी हुन अनुरोध गर्नुभयो ।

सो कार्यक्रममा महिला बालबालिका समितिका सदस्य बद्रीलक्ष्मी कोजूले पनि बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# एक सय ५० रुपैयाँमा वडाबाटै एक्स-रे सेवा

काठमाडौँ, १९ पुस । काठमाडौँ महानगरपालिका-८ ले रु १५० मै एक्स-रे सेवा सुरु गरेको छ । जयबागीश्वरीस्थित वडा कार्यालय परिसरमा स्थापना गरिएको एक्स-रे कक्षको उद्घाटन गर्दै महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल र वडाध्यक्ष एवं कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गतले संयुक्त रुपमा सेवा प्रारम्भ गर्नुभएको हो ।

उक्त सेवा सञ्चालनका लागि रु ३२ लाखमा अत्याधुनिक मेसिन एक्स-रे मेसिन खरिद गरिएको हो । उपप्रमुख डंगोलले, आधारभूत र आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाई सरल, सहज र गुणस्तरीय बनाउँदै लैजाने क्रममा एक्स-रे सेवा थप गरिएको बताउनुभयो ।

"माग र आवश्यकताका आधारमा सेवालाई विस्तार र सुदृढ बनाउँदै लैजानेछौँ । आधारभूत स्वास्थ्य सेवाबाट कसैले पनि वञ्चित हुनु नपर्ने अवस्था बनाउँछौँ", उहाँले भन्नुभयो । वडाअध्यक्ष सङ्गतले मानव संशाधन, प्रविधि र उपकरण थप गर्दै लैजाने योजना रहेको बताउनुभयो । उहाँका अनुसार कामपाबाट सञ्चालन भएको एक्स-रे सेवा प्रदान गर्ने यो पहिलो वडा हो ।

विभागको भण्डार शाखा प्रमुख कमलप्रसाद भट्टराईका अनुसार वडा नम्बर ७, ८, १०, १२, १४, १६, १९, २६, २७ र ३२ गरी १० वटा वडामा एक्स-रे सेवा जडान हुँदै छ । यसका लागि १० जना रेडियोग्राफर नियुक्त गरिसकिएको छ ।

# ताप्लेजुङ र पाँचथर सीमा आसपास केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौँ, १९ पुसः ताप्लेजुङ र पाँचथर सीमा आसपास केन्द्रबिन्दु भएर भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरकाअनुसार शनिबार बिहान ६:१३ मिनेट जाँदा चार दशमलव ६ रेक्टरस्केलको भूकम्प गएको हो ।

यसअघि गत मङ्सिर २८ गते मनाङ जिल्लाको ठोचे आसपास केन्द्रबिन्दु भएर चार दशमलव ७ रेक्टरस्केलको भूकम्प गएको थियो । नेपाल हिमालय क्षेत्र भएकाले विभिन्न समयमा सानाठुला भूकम्प जाने गरेको छ ।

# जाडोमा हिटर तथा गिजरको प्रयोग गर्दा सावधानी अपनाउन आग्रह

काठमाडौँ, १९ पुस । जाडोयाम सुरु भइसकेको छ । तराईमा शीतलहरका कारण जीवनयापन कठिन बनिरहेको छ । जाडोयाममा शरीर र कोठालाई न्यानो राख्न आगो ताप्ने, कोइला बाल्ने, हिटर बाल्ने र गिजरको प्रयोग गरिने हुँदा यस्ता उपकरणहरूको प्रयोगमा आवश्यक सावधानी अपनाउन चिकित्सकले अनुरोध गरेका छन् ।

यी उपकरणहरूको प्रयोगमा सावधानी नअपनाउँदा बर्सेनि मृत्यु र अस्पतालमा भर्ना हुने घटनाहरू घटिरहेका छन् । केही दिनअघि मात्र सुर्खेतमा कोइला बालेर सुतेको अवस्थामा एक ३८ दिनको शिशुको मृत्यु भएको छ भने परिवारका तीन जना बेहोससमेत भए ।

न्यानो बनाउने विभिन्न उपकरणहरूको प्रयोग गर्दा घरमा हावा सञ्चालन प्रणाली राम्रो नभएमा कोठामा 'कार्बन मोनोअक्साइड' जस्तो विषाक्त ग्यास जम्मा हुन सक्छ । यो ग्यास गन्ध, रङ्ग र स्वादरहित हुन्छ जसको सम्पर्कमा लामो समयसम्म रहँदा गम्भीर स्वास्थ्य समस्या हुने वा ज्यान जान सक्दछ ।

कन्सलटेन्ट जेनेरेल फिजिसियन डा. विवेकराज पौडेल भन्नुहुन्छ, "आगो, कोइला बल्न, ग्यास गिजर चलान अक्सिजन चाहिन्छ । त्यसले बलेर निक्लिने बाइप्रोडक्ट चाहिँ 'कार्बोन डाइअक्साइड' र कार्बोन मोनोअक्साइड हो । यी दुवै ग्यास बाहिर वातावरणमा मिसिन्थ्यो भने खासै फरक पर्थेन । बन्द कोठामा अक्सिजन सकिएर यी दुई ग्यास मात्र हुँदा हाम्रो शरीरले त्यो लिन बाध्य हुन्छ ।" उहाँका अनुसार यसका कारण मुटुको चालमा गडबड आउने, होसमा नहुने, सास फेर्न नसक्ने, रगतमा समस्या, एसिडको मात्रा बढ्ने जस्ता खालका अवस्थाहरू सिर्जना गर्न सक्छ ।

डा पौडेल ती अवस्थामा फसेकालाई जति सक्दो छिटो उद्धार गरेर बाहिरी वातावरणमा राख्ने र अस्पतालमा 'हाइ फ्लो' अक्सिजनमा राख्नुपर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "घटना थाहा पाइसकेपछि सकेसम्म छिटो उद्धार गर्नुपर्छ जसले गर्दा तत्कालीनका साथै दीर्घकालीन असरबाट बचाउन सकिन्छ । दीर्घकालीनमा कसैकोमा पहिलाको जस्तो चनाखोपन, मानसिक अवस्था छिटो छरितो नहुने र भुल्ने समस्या देखिन सक्ने हुन्छ ।"

बर्सेनि यस्ता खालका दुर्घटना बढे पनि सर्वसाधारणहरू अझै यसबारे सचेत हुन नसकेको विज्ञ बताउनुहुन्छ । "विभिन्न विद्युतीय उपकरणका साथै कोइला बाल्ने, आगो ताप्ने काम गर्नु छ भने बन्द कोठा राम्रो होइन । कोठा तथा बाथरुममा भेन्टिलेशन हुनुपर्छ । सकेसम्म शरीर न्यानो राख्न न्यानो कपडा लगाउने, ओढ्ने चिजहरू प्रयोग गर्नुपर्छ । सुत्नुअघि कोइला निभाएर मात्र सुत्ने । यो मात्र नभइ हरेक सामानको प्रयोग गर्दा बन्द गरेर सुत्नु सबैभन्दा उत्तम उपाय हो", डा पौडेल सुझाउनुहुन्छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एक सूचना जारी गर्दै जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा निम्न सावधानीहरू अपनाउन आग्रह गरेको छ :

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने ।
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्ने ।
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराख्ने ।
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने ।
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने ।
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गर्ने ।
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गर्ने ।
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबस्ने ।
- गिजर प्रयोग गरेर नुहाउँदा सम्भव भएसम्म बाथरूमको झ्याल बन्द नगर्ने ।



कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-५ वनसमिति बजार नजिकको सडक छेउ रुखको मुढामा बालिएको आगो ताप्दै स्थानीय । विगत तीन सातादेखि कञ्चनपुर, कैलालीमा बाक्लो हुस्सु, कुहिरो र शीतलहर चल्दा अत्यधिक चिसोले जनजीवन प्रभावित बनेको छ । तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस

# नेपालको पहिलो वर्ड स्याङ्क्चुरी घोडाघोडीमा जलपक्षी गणना सुरु

घोडाघोडी (कैलाली), १९ पुसः नेपालको पहिलो वर्ड स्याङ्क्चुरी घोडाघोडी सिमसारमा जलपंक्षी गणना सुरु भएको छ । जैविक विविधताले महत्त्वपूर्ण घोडाघोडीमा चरा संरक्षण नेटवर्क कैलालीको टोली शनिबारदेखि गणनामा खटिएको छ । टोलीका अनुसार यही पुस २१ गतेसम्म घोडाघोडीमा जलपंक्षी गणना हुनेछ ।

चरा संरक्षण नेटवर्क कैलालीले विगत लामो समयदेखि घोडाघोडी ताल क्षेत्रमा चराको अध्ययन, अवलोकन, खोज तथा अनुसन्धान गर्दै आइरहेको छ । घोडाघोडीमा जलपंक्षी हिउँद र वर्षा गरी प्रत्येक वर्ष दुई पटक गणना गरिँदै आइएको चरा संरक्षण नेटवर्क कैलालीका उपाध्यक्ष नवराज न्यूरेले जानकारी दिनुभयो । उहाँका अनुसार गणनापछि उनीहरूको अवस्था र चुनौती पत्ता लगाइनेछ ।

चरा संरक्षण नेटवर्क कैलालीका सचिव राम कुमारले यहाँ जलपंक्षीको सङ्ख्या घट्दै गएको जानकारी दिनुभयो । घोडाघोडी नगरपालिकाका प्रमुख खडक रावतले घोडाघोडीमा जलपंक्षीको सङ्ख्या घट्दै जानुको कारण चोरी सिकारी रहेको बताउनुभयो ।

डिभिजन वन कार्यालय पहलमानपुरका प्रमुख जनक पाध्यायले सिमसार क्षेत्र घोडाघोडी प्राकृतिक सम्पत्ति भएकाले यसलाई सबै मिलेर जोगाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "घोडाघोडी क्षेत्र जैविक विविधताले भरिएको क्षेत्र हो, चराहरूको बासस्थानलाई पनि बचाउँदै जैविक विविधतालाई संरक्षण गर्दै यहाँ संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।"


चराहरूको संरक्षणका लागि उनीहरूको बास स्थान जोगाउनुपर्ने घोडाघोडी नगरपालिकाका प्रवक्ता घनश्याम ओझाले बताउनुभयो । वर्ड स्याङ्क्चुरी घोषणामा मात्रै सीमित नराखी त्यसलाई सबै मिलेर संरक्षण गर्नुपर्ने उहाँको भनाइ थियो ।

नेपालमै सबैभन्दा धेरै ताल तलैया भएको जिल्लाका रूपमा कैलाली चिनिन्छ । त्यसमध्ये घोडाघोडी ताल नेपालको तराई क्षेत्रमा रहेको सबैभन्दा ठुलो प्राकृतिक ताल हो । घोडाघोडी ताल क्षेत्रमा घोडाघोडीसहित २४ वटा ताल छन् । जसमध्ये घोडाघोडी र नकरोड ताल चराको बासस्थानका लागि सबैभन्दा उपयुक्त मानिने चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरी बताउनुहुन्छ ।

चौधरीका अनुसार घोडाघोडीमा पहिले दुई हजार २२ सयको हाराहारी जलपंक्षी रहेकामा त्यो सङ्ख्या गत वर्ष ११ सयमा समेटिएको बताउनुभयो । "घोडाघोडीको सूचक प्रजातिको रूपमा रहेको हरिहाँसको सङ्ख्यासमेत घट्दै गएको छ । बच्चा कोरल्ने र हुर्काउनका लागि सुरक्षित स्थान मानिएको घोडाघोडीमा हरिहाँसको वासस्थान असुरक्षित बन्दै, आहारा घट्दै गएपछि यसको सङ्ख्या घट्दै गएको छ," अध्यक्ष चौधरीले बताउनुभयो ।

घोडाघोडी क्षेत्र रैथाने र आगन्तुक चराको महत्त्वपूर्ण बासस्थान भएकाले २०७८ फागुन २७ मा सुदूरपश्चिम प्रदेश सरकारले नेपालकै पहिलो चरा अभय आरण्य क्षेत्र घोषणा गरेको थियो । यहाँ तीन सय ८१ प्रजातिका चरा पाइन्छन् ।

# बुद्ध एयर जहाज दुर्घटना : सहचालकसहित सात यात्रु सामान्य घाइते, छ जना सामान्य उपचारपछि 'डिस्चार्ज'



झापा, १९ पुसः भद्रपुर विमानस्थलमा शुक्रवार राति ९:१० बजे भएको बुद्ध एयरको विमान दुर्घटनामा चालक दलका एक जनासहित सात यात्रु घाइते भएका छन् ।

काठमाडौँबाट भद्रपुरका लागि उडेको कलसाइन ९०१ रहेको बुद्ध एयरको एटीआर ७२ जहाज भद्रपुर विमानस्थलमा अवतरण गर्ने क्रममा रन-वेको पूर्वतर्फ ३०० मिटर ओभर रन भई जहाज घाँसे झाडी र माटोमा भासिएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक राजन लिम्बुले प्रारम्भिक जानकारी दिनुभयो ।

उक्त जहाजमा ५१ जना यात्री, चार जना चालक दलका सदस्य र एक जना विमानका इन्जिनियर हुनुहुन्थ्यो । तीमध्ये ललितपुर-४ निवासी को-पाइलट २४ वर्षीय सुशान्त श्रेष्ठ र अन्य छ जना यात्री घाइते हुनुभएको छ ।

घाइतेलाई नेपाल प्रहरीको उद्धार टोलीले तत्कालै भद्रपुरको ओमसाई पाथिभरा हस्पिटलमा उपचारका लागि पुर्याएको थियो । टाउको र अनुहारमा चोट लागेका को-पाइलट २४ वर्षीय सुशान्त श्रेष्ठको अस्पतालमा उपचार भइरहेको छ भने अन्य छ जना घाइते सामान्य उपचारपछि 'डिस्चार्ज' भएर घर फर्किसकेको प्रहरी उपरीक्षक लिम्बुले जानकारी दिनुभयो ।

उक्त जहाज काठमाडौँबाट भद्रपुरका लागि शुक्रबार राति ८:२३ बजे उडेको थियो भने भद्रपुर विमानस्थलमा ९:१० बजे अवतरण गर्ने क्रममा ओभर रन भई दुर्घटना भएको थियो ।

जहाज दुर्घटनामा परेलगत्तै जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी उपरीक्षक राजन लिम्बुको कमान्डमा ७० जना प्रहरीको टोली उद्धारका लागि खटिएको प्रहरीले जनाएको छ । प्रहरीले नै सबै यात्रीलाई दुर्घटना भएको जहाजबाट सकुशल बाहिर निकालेर घाइतेलाई अस्पतालमा पुऱ्याएको थियो ।

# रसुवागढी जलविद्युत् मर्मतपछि सञ्चालनमा

रसुवा, १९ पुस । गत असार २४ को ल्हेन्देखोला बाढीले क्षतिग्रस्त रसुवागढी जलविद्युत् मर्मतपश्चात् सञ्चालनमा आएको छ ।

एक सय ११ मेगावाट क्षमताको सो जलविद्युत् केन्द्रका तीन टर्वाइनमध्ये हालसम्म दुई टर्वाइन तथा मुहानको ड्याम एवं नहरसमेत मर्मत गरेसँगै हाल उत्पादित ६८ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिएको रसुवागढी जलविद्युत् केन्द्रले जनाएको छ ।

रसुवागढी हाइड्रोपावर कम्पनीका कार्यकारी निर्देशक सत्यराम ज्याख्वका अनुसार मर्मत सुधारपश्चात् ३७ मेगावाट गत मङ्सिर महिनामा र ३१ मेगावाट हालै उत्पादन गरिएको हो । सफाइ एवं मर्मत बाँकीनै रहेको र अर्कोतर्फ क्षमता अनुसार उत्पादन गर्न बाँकी ४३ मेगावाट आगामी जेठ/असारबाट उत्पादन हुने जनाइएको छ ।

पानीको प्रवाह घट्न गएका कारण सुक्खायाममा विद्युत् उत्पादन घट्ने जलविद्युत् केन्द्रले जनाएको छ । बाढीका कारण उपकरण तथा संरचनामा क्षति पुग्दा उक्त जलविद्युत् केन्द्रले रु. तीन अर्ब ५१ करोड क्षति बेहोर्नुपरेको थियो ।

। सम्पादकीय ।

# अवसरवादी र विश्वासघातीहरूदेखि सावधान !

छिनछिनमा बोली फेर्ने र अडान नभएका नेताहरूप्रति जनताको विश्वास हुँदैन । बोली फेर्ने र अडान छोड्ने नेताहरू अवसरवादी हुन्; विश्वासघाती हुन् । यही कारण विगतमा शासक दलका शीर्ष नेताहरूप्रति आफ्ना पार्टी कार्यकर्ता र जनताको मात्र होइन नेताहरू पनि असन्तुष्टि हुन थालेका हुन् । ती शासक दलका नेताहरूले निर्वाचन घोषणाअघि एक्लाएक्लै निर्वाचनमा लड्ने उद्घोष गरेका थिए । माओवादी, एमाले र नेकाले छुट्टाछुट्टै निर्वाचनको मैदानमा लाग्ने विश्वास नेपाली जनतालाई दिएका थिए । उक्त विश्वास दिलाएको स्वर सेलाउन नपाउँदै नेपाली कम्युनिस्ट पार्टी र नेकाका नेताहरूले निर्वाचनमा मिलेर जानुपर्ने विचार व्यक्त गर्न थालेका छन् । विशेषतः फागुन २१ गते हुने निर्वाचन प्रयोजनको सन्दर्भमा केही पुराना र नयाँ दलबिच पार्टी एकीकरण हुन थालेपछि ठुला दल भनिने नेपाली कम्युनिस्ट पार्टी, एमाले र नेकाका नेताहरूमाझ मिलेर जानुपर्ने विचार व्यक्त भएको पाइन्छ । पुस १६ गते प्रकाशित 'नेपाल समाचारपत्र' दैनिकमा 'जेन-जी आन्दोलनपछि नयाँ-पुराना दल आमने-सामने; ठुला दल पनि चुनावी तालमेलतर्फ' शीर्षकको समाचार छापियो । नयाँ दलको बढ्दो चहलपहल देखेर पुराना ठुला दलहरू एक अर्कोसँग सहकार्य गरेर निर्वाचनमा जानुपर्ने कुरा व्यक्त भएबाट उक्त कुरा खुलासा भएको हो ।

निर्वाचनमा हुने हारलाई दलको आस्था र इज्जतमा दाग लाग्ने र जीतलाई मान र विश्वास बढ्ने सोचेर ठुला दल भनिने नेताहरू अबको निर्वाचनमा हार्लान् भनेर छटपटिन थालेका छन् । एमालेका अध्यक्ष केपी ओलीले अब बन्ने सरकार नेका र एमालेकै हुने दाबी गरेका छन् । यता नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले ठुला दलहरू निर्वाचनमा जान संवादमा रहेको खुलासा गरेका छन् । ठुला दलका नेताहरूको यो चिन्तित अभिव्यक्तिले नयाँ दलबिच भएको एकताबाट झस्किएको हो कि भन्ने आशङ्का जमाएको छ । दल घोषणा गरेको स्वर सेलाउन नपाउँदै, मसी सुक्न नपाउँदै, दल खोल्दाको जाँगर कार्यकर्तामाझ बाँड्न नपाउँदै दलको एकीकरण भएको घटनाले दल दर्ता पद र पैसाको लागि भएको आकलन गर्न कठिन छैन । कति दलका नेताहरूले निर्वाचन अगाडि नै प्रधानमन्त्री हुने आशा व्यक्त गर्न थालेका छन् । देश र जनताको सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभन्दा प्रम बन्ने सपना बोकेर राजनीति गर्ने नेताहरूलाई जनताले कसरी लिने र बुझ्ने ? जनताले ती नेताहरूलाई कसरी साथ दिने र विश्वास गर्ने ?

के ठुला दलका नेताहरू आत्तिएका हुन् ? के उनीहरू अबको निर्वाचनमा हार्लान् भन्ने चिन्तामा डुबेका हुन् । ठुला दलहरूको पालामा भएको देशविरोधी, जनविरोधी र भ्रष्टाचारजन्य कार्यबाट असन्तुष्ट भएका नेता तथा कार्यकर्ताहरूले पार्टी छाडेको, साथ नदिएको कारण दलका शीर्ष नेताहरूमा त्यो चिन्ताले छोएको टिप्पणी राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् । कति दलका नेताहरू थ्रेसहोल्ड (मतसीमा) पार गर्न नसक्ने ठानेर निर्वाचनमा भाग नलिने पक्षमा देखिएका छन् । निर्वाचन प्रयोजनको निम्ति दल दर्ता गरेका सबै दलले फागुन २१ गते हुने निर्वाचनमा भाग नलिने स्थिति देखिएका छ । मतसीमा राख्नु प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत छ । त्यो प्रावधान खारेज गर्नको निम्ति दलहरू आन्दोलित हुनुपर्छ । तर, 'मतसीमा' बाट दलका नेताहरू हरेस हुनुपर्ने होइन । निर्वाचनमा हार-जीत स्वाभाविक छ । निर्वाचन पार्टीको सिद्धान्त र विचार जनतामाझ पुऱ्याउने एउटा भरपर्दो माध्यम पनि हो । पार्टीलाई जनतामाझ चिनाउने र शासक दलहरूले गरेका कुकृत्य र कमी कमजोरीको भण्डाफोर गरी जनतालाई सचेत पार्ने माध्यम हो निर्वाचन । निर्वाचन दलहरूको सैद्धान्तिक सङ्घर्ष गर्ने थलो हो । अतः निर्वाचनदेखि दलका नेताहरू झस्कनुपर्ने होइन; चिन्ता लिनुपर्ने होइन ।

दलका नेताहरूले छिनछिनमा बोली वचन फेर्नु र अडान छोड्नु उपयुक्त होइन । एकता, गठबन्धन र भागबन्डाको नाउँमा सिद्धान्त र विचार फेर्ने काम कुनै पनि राजनीतिक दललाई सुहाउँदैन । तुरुन्तै पार्टी एकता हुने र पार्टी एकता भएको स्वाद लिन नपाउँदै टुक्रिनु पनि राम्रो होइन । अहिले पार्टी एकताप्रति असन्तुष्ट भएका नेताहरूको पनि छुट्टै दल खोलिएको छ । एकीकृत भएका दलका नेताहरूले सहभागी दललाई कसरी मिलाउने हो ? पद बाँडफाँड कसरी गर्ने हो ? निर्वाचनमा क-कसलाई उम्मेदवारी दिलाउने हो ? त्यो अर्को समस्याको पाटो हो । उम्मेवारी दिने र पद बाँडफाँडको समुचित व्यवस्था गर्न नसकेरै फेरि पार्टी टुक्रिने, छोड्ने नेताहरू नहोला भन्न सकिँदैन । नेपाली कम्युनिस्ट पार्टीले पार्टी एकतामा सामेल भएका नेताहरूलाई उचित प्रबन्ध गर्नसकेको छैन । सो पार्टीमा अहिले पार्टी संयोजक पुष्पकमल दाहालको हुकुम चलेको छ । सहसंयोजक माधवकुमार नेपाललाई साक्षी राखेर प्रतिनिधिसभाको निर्वाचनमा उठाइने उम्मेदवार आफूखुसी घोषणा गऱ्यो भनी अहिले नै विवाद सुरु हुन थालेको छ । ती दलका संयोजक र सहसंयोजकले सन्तुलत मिलाउन सकेनन्, उचित बाँडफाँड मिलाउन सकेनन् भने असन्तुष्ट व्यक्त गर्ने नेता कार्यकर्ताहरू विद्रोही उम्मेदवार दिन पछि नपर्ने विश्लेषण पनि गरिएको छ । केही दलका नेताहरू अबको निर्वाचनमा बहुमत ल्याउने सपना बाँड्दै छन् । ती दलले बहुमत ल्याउने हो कि आफूलाई नराम्रोसँग हराउने हो ? त्यो समयले बताउनेछ । ठुला दल या विगतका शासकहरूप्रतिको असन्तोष र विरोध अहिले पनि सेलाएको छैन । निर्वाचनको नतिजा के हुन्छ अहिले नै भन्न सक्ने स्थिति छैन ।

# केही काल्पनिक समाजवादीहरू र हामी

✍ नसीम


सभ्यतामा अघि बढेका समाजहरूमा चिन्तकको अभाव हुन्न । चिन्तनको दरिद्रता पिछडिएको समाजको पहिचान हो । यस हिसाबले पश्चिमी समाज धेरै अगाडि बढिसकेका छन् । विशेषगरी समाजवादी चिन्तकहरूको परम्परा युरोपको चिन्तन परम्पराकै गौरवशाली अध्याय हो । उनीहरूको विचारको व्यापकता हेर्दा उनीहरूलाई समग्र मानव जातिकै धरोहर मान्दा फरक पर्दैन । कार्ल मार्क्स, फ्रेडरिक एङ्गेल्स, लेनिन, स्तालिनजस्ता हस्तीहरू यही परम्पराका सुयोग्य सन्तान हुनुहुन्थ्यो । कार्ल मार्क्सको पुस्ता फ्रान्सेली प्रबोधन युगबाट धेरै प्रभावित थियो भन्ने कुरालाई जति प्रचार गर्नुपर्ने हो, त्यो देखिन्न । यो छोटो लेखमा हामी समाजवादी परम्पराका केही विचारक र तिनका विचारको सङ्क्षिप्त चर्चा गर्नेछौं ।

फ्रान्सभन्दा अगाडि हामी इटाली जान्छौं । त्यहाँ सन् १५६८ मा टोमाजो काम्पानेलाको जन्म भएको थियो । उनी एक सार्की परिवारमा जन्मेका र पादरी शिक्षामा दीक्षित भएका अत्यन्त अध्ययनशील चिन्तक थिए । आफ्नो समयका उनी क्रान्तिकारी विचारक थिए । महान् वैज्ञानिक ग्यालिलियो उनकै समकालीन थिए । आफ्ना परिवर्तनकारी विचारको निम्ति २७ वर्ष धार्मिक कैदमा बिताएका काम्पानेलाले कैदमा छँदा एउटा छोटो रचना तयार पारे । 'घमाइलो सहर' नामक त्यो सानो तर विचार एवम् कल्पनाले खचाखच भरिएको पुस्तकमा शासनकलाबारे धेरै सूक्ष्म विचार पाइन्छ । चिनियाँ राष्ट्रपति सी चिनफिङले प्लेटोको 'गणतन्त्र' र थोमस मुरको 'कल्पनालोक' सँगै 'घमाइलो सहर' लाई पनि पढ्नैपर्ने पुस्तकको सूचीमा राख्नुभएको छ ।

'घमाइलो सहर' मा काम्पानेलाले आफ्नो चिन्तनको सार राखेका छन् । उनी प्राचीन चिन्तन परम्पराका गम्भीर अध्येता थिए । वार्तालापको शैलीमा काम्पानेलाले गम्भीर विषयलाई सरल तुल्याएर पस्केका छन् । 'घमाइलो सहर' मा एकजना जहाजी कप्तान र आरामगृहका प्रमुखबिच वार्तालाप हुन्छ । जहाजी कप्तान भर्खरै एउटा टापुबाट फर्केको हुन्छ । उसले प्रमुखलाई त्यस सभ्य टापुको परिपाटीबारे बताउँदै जान्छ । जिज्ञासु प्रमुखले त्यहाँका शासक, शासन प्रणाली र जनताको जीवन एवम् चिन्तनशैलीबारे प्रश्न गर्दै जाँदा वार्तालाप गहकिलो बन्दै जान्छ ।

घमाइलो सहरका प्रधानको नाम होह हो । उनी दार्शनिक, पुजारी र ज्ञानी व्यक्ति हुन् । उनको मातहत तीनजना प्रमुख छन् । पोन (शक्ति), सिन (विवेक) र मोर (प्रेम) पनि आफ्ना सहयोगीहरूमार्फत काम गर्छन् । पोनले राज्यको दण्डविधान हेर्छन् । राज्य, सेना, युद्धजस्ता विषय उनले हेर्नुपर्छ । विवेकमातहत १३ जनाभन्दा बढी विशेषज्ञहरू हुन्छन् । ती वैज्ञानिकहरूले आफ्नो ज्ञान जनताले बुझ्ने भाषामा लेख्नु र सुनाउनुपर्छ । उनीहरूको कला घमाइलो सहरका भित्ताभित्तामा देख्न सकिन्छ । मोरले प्रेमको विषय हेर्छन् । जनताबिचको आपसी स्नेह, प्रेम, बिहेवारी तथा घरजमको बन्दोबस्त मिलाउनु उनको जिम्मेवारी हो ।

घमाइलो सहरमा जनतालाई शिक्षित पार्न बिछट्टै राम्रो परिपाटी छ । सहरलाई पर्खालको ६ वटा घेराले घेरेको छ । बाहिर निस्किने चारवटा सिधा सडक छन् । सहरबाहिर



टोमाजो कम्पनिला

खेतीपातीको काम हुन्छ । पर्खालहरूलाई जनता शिक्षित पार्ने पुस्तकको रूपमा झिलिमिली पारिएको छ । पहिलो पर्खालमा संसारका विभिन्न जाति र संस्कृतिको समग्र जानकारी दिने चित्र छन् । दोस्रो पर्खालमा रसायन, खनिज र भूगर्भको ज्ञान दिने सामग्री कोरिएका छन् । तेस्रोमा जीवविज्ञानको ज्ञान छ । चौथोमा चारा, सरिसृप र मेरुदण्डहीन जीवहरूको जानकारी छ । पाँचौँ पर्खालमा स्तनधारी जीव र छैटौँमा प्रविधि र इतिहासको ज्ञान झल्किने सामग्री छन् । यिनको व्याख्या गर्न प्रत्येक पर्खालमा कर्मचारीहरू खटिएका हुन्छन् । प्रत्येक विद्यार्थी १० वर्षको उमेरसम्म पुग्दानपुग्दै यी पर्खालरूपी किताब पढेर दीक्षित भइसकेको हुन्छ । विद्यार्थीहरू जुम्सोपनबाट मुक्त छन् किनभने त्यहाँ कुनै कुरा बढ्ता घोटाइन्न ।

समाज निकै व्यवस्थित छ । सबैजना 'दार्शनिक' जीवन व्यतीत गर्छन् । समाज आपसी मित्रतामा आधारित छ । कला, स्वाभिमान र आनन्द साझा छ । निजी सम्पत्तिको अधिकार छैन । दासको व्यवस्था छैन । सबैले श्रम गर्छन् । हाम्रो समाजमा जस्तो काम नगर्ने र अरूलाई कज्याउने मान्छेलाई त्यहाँ ठुलो मानिन्न । त्यहाँ लुटपाट, हत्याहिंसा, तडकभडक, दुराचार, व्यभिचार र अन्य अपराधको नामनिसान छैन । झूटो बोल्नुलाई सबैभन्दा ठुलो पाप ठानिन्छ ।

घमाइलो सहरमा महिला र पुरुषलाई समान शिक्षा दिइन्छ । गाऱ्होसारो काम पुरुषले गर्छन् । २२ वर्ष नाघेका सम्पूर्ण पुरुषलाई बाबु भन्नुपर्छ भने त्यसमुनिका सबैलाई छोराछोरी भन्नुपर्छ । विद्यार्थीहरूको शिक्षादीक्षामा कुनै कसर बाँकी राखिन्न । उनीहरूलाई पेसागत, शारीरिक र सैद्धान्तिक ज्ञान दिइन्छ । एकाध वर्षसम्म नियमित अध्ययन गराएर उनीहरूलाई विज्ञ बनाइन्छ । हामीकहाँजस्तो तिनलाई एकाध दशक विद्यालयमा घोटाइन्न । विदेशी भाषा सिक्नमा उनीहरूलाई प्रेरित गरिन्छ । एउटा विद्यालयमा अनेक भाषा बोल्ने विद्यार्थी भेटिन्छन् । व्यक्तिलाई शारीरिक विशेषताअनुसार नाम दिइन्छ र तिनले जीवनमा आर्जन गर्ने ज्ञान र कौशलअनुसार थर दिइन्छ ।

बालबालिका समाजको भलाइको लागि जन्माइन्छ । तिनलाई समाजले नै हुर्काउँछ । उनीहरूलाई कुरूपता भन्ने थाहा हुन्न । कोही बिलासी बन्न चाहन्न । प्रेमलाई विशेष मित्रता मानिन्छ । श्रमलाई सबैले अनुशासन ठान्छन् । श्रमलाई अपमान गर्दा नै संसारमा दुर्गुणहरू जन्मिन्छन् भन्ने घमाइलो सहरवासीको मान्यता छ । प्रत्येक विद्यार्थीले जीवनको एक चरण खेतीपाती गरेकै हुन्छ । खेतीपाती नगरेको कुनै जमिन पाइँदैन । खानामा कसैले कञ्जुसी गर्नुपर्दैन । बुढापाकाले दैनिक तीन छाक, औसत मानिसले दुई छाक र बालबालिकाले दैनिक तीन छाक खाना खान पाउँछन् ।

घमाइलो सहरमा कोही व्यक्तिपुजा चल्दैन । त्यहाँ नेतालाई घृणा गरिन्न किनभने नेताले समस्त समाजको अभिभावकको भूमिका खेल्ने हुन्छ । कविहरू चाकडी गर्दैनन्, बनावटी कुरा गर्दैनन् । त्यहाँ जेलखाना छैन । कसैलाई सजाय दिनुपऱ्यो भने उसलाई सुधार्ने हिसाबले सजाय दिइन्छ । मानिसहरू आत्मसम्मानलाई ठुलो महत्त्व दिन्छन् । सम्मान कमाउन नै उनीहरू जीवन समर्पित गर्छन् । उनीहरू विदेशी संस्कृतिबाट सिक्न आफ्ना नागरिकहरूलाई पैसा दिएर विदेश पठाउँछन् । त्यहाँबाट फर्केर ती नागरिकले आफ्नो समाजलाई अझ सभ्य बनाउन मद्दत गर्छन् । विदेशी संस्कृतिमा उनीहरूको मोह छैन, बरु जीवन अझ उन्नत बनाउनमा उनीहरू केन्द्रित हुन्छन् ।

घमाइलो सहरमा धनीगरिबको नामनिसान छैन । निजी धन हुने मानिस उद्दण्ड, घमन्डी, अज्ञानी, विश्वासघाती, जानीटोपल्ने, ठग, गफाडी, निर्मोही, निन्दक हुने र धनी नहुने मानिस कपटी, चेपारे, चोर, घुसघुसे, आवारा, झूटबोलुवा, झूटो साक्षी बन्ने गरेको त्यहाँका बासिन्दाले विदेशी समाजबाट थाहा पाएका हुन्छन् । धनीगरिबको परिभाषा यस्तो छ - उनीहरू धनी छन् किनभने उनीहरूलाई केही चाहिँदैन । उनीहरू गरिब छन् किनभने उनीहरूसँग केही छैन । त्यसैले उनीहरू परिस्थितिका दास होइनन् तर परिस्थितिले नै उनीहरूको सेवा गर्छ ।

विचारहीन नेता र कार्यकर्ता देख्दै र भोग्दै आएको समकालीन पुँजीवादी समाजमा काम्पानेला काल्पनिक चिन्तक लाग्नु स्वाभाविक हो । आज देशको परिस्थिति हेर्दा कुनै भिजन वा कल्पनाशीलता नै नभएका तथा कल्पनामा पनि नोटका बिटा मात्र देख्ने जवान र बुढा राजनीतिक नेताको भारले देश थिचिँदै र च्यापिँदै गएको देखिन्छ । तर, एक सभ्य समाज काम्पानेलाले देखाएकै बाटोमा लाग्नुपर्छ भन्नेमा दुईमत नहोला ।

अब हामी फ्रान्सतिर लागौँ । त्यहाँ हामी ज्याँ मेल्ये र मोरेलीलाई भेट्छौं । ज्याँ मेल्ये सन् १६६४ मा फ्रान्समा जन्मेका एक गाउँले पादरी थिए । एक दशकअघि नेपाल हिन्दू राज्य भएझैँ तिनताका फ्रान्स क्याथोलिक राज्य थियो । ज्याँ मेल्ये धनीहरूका आचरणबाट आजीत थिए । यद्यपि, गरिबप्रति उनको करुणा आजन्म रह्यो । मृत्युपछि आफ्नो सिरिखुरी गरिबलाई नै बाँड्नु भन्ने उनको इच्छा थियो । धार्मिक अनुशासनअनुसार उनी आजीवन अविवाहित रहे । यद्यपि, उनले धर्मका रुढीलाई कहिल्यै सहेनन् । त्यसैले मर्नुभन्दा १० वर्षअघि ५५ वर्षको उमेरमा उनले धर्म र धर्मग्रन्थका विरोधाभाषालाई छ्याँस्दै पुस्तक लेख्न बसे ।

ज्याँ मेल्येले आफ्नो झन्डै हजार पृष्ठ लामो र ९९ पाठमा विभाजित पुस्तक 'मेरो इच्छापत्र' मा धर्मको खण्डनमा ८ वटा सशक्त तर्क पेस गरेका छन् । पहिलो तर्क, धर्मधर्मबिच ठुलो बाझाबाझ छ । ईश्वर एउटै भए उनीहरूले अर्काको देवताको निन्दा गर्दै रगत नबगाउनुपर्ने थियो । दोस्रो तर्क, सबै धर्मको आधार 'अन्धभक्ति' हो । सबै धर्मका ईश्वरलाई वस्तुसङ्गत ज्ञानसँग डराउँछन् । तेस्रो तर्क, धर्मग्रन्थमा देवताले भनेका वचनहरू पागलप्रलाप मात्र हुन् । धर्मको नाममा धेरै घिनलाग्दा बलि चढाइएका छन् । चौथो तर्क, धर्मग्रन्थमा भनिएका कुनै भविष्यवाणी पूरा भएका छैनन् । पाँचौँ तर्क, नैतिकता खस्किनुमा धर्मले बन्देज लगाएका व्यवहारहरू दोषी छन् । धर्मले नै अनैतिकतालाई मलजल गरेको छ । छैटौँ तर्क, धर्मले राजनीतिक निरङ्कुशतालाई बढावा दिन्छ । सातौँ, ईश्वरको अस्तित्व छैन । प्रकृति नै परिपूर्ण छ । आठौँ, आत्मा आध्यात्मिक र अजम्बरी छैन । प्राणी मरेपछि उसको आत्मा पनि मर्छ ।

ज्याँ मेल्येका विचार कति शक्तिशाली थिए भने उनको पुस्तक उनी मरेपछि विदेशमा लगेर प्रकाशित गरिएको थियो । भोल्टायरले समेत उनका कतिपय विचार लुकाएर किताब छाप्नुपरेको थियो । उनको पुस्तकका धेरै प्रति पछि सोभियत सङ्घमा छापिएका थिए । अङ्ग्रेजीमा सन् २००९ मा मात्र उनको पुस्तक अनुदित भयो । उनी राजामहाराजाको पोल खोल्ने पहिलो गुरु थिए । नेपालमा यस्ता गुरूपुरोहित देखापरेका छैनन् भन्दा हुन्छ । यस मानेमा नेपाललाई पिछडिएको मान्दा कसैले नाक नखुम्चाए हुन्छ ।

ज्याँ मेल्येले धर्मको विशद् खण्डन मात्र गरेनन् । उनले नयाँ समाज कस्तो हुनुपर्छ भनेर पुस्तकमा अलग्गै अध्याय लेखेका थिए । त्यसमा अभिव्यक्त उनको विचारलाई सारमा यसरी राख्न सकिन्छ :

धर्तीमा प्रचुर प्राकृतिक सम्पदा छ । यसको न्यायपूर्ण वितरणले धर्तीका सबैलाई पुगिसरी हुन्छ । यसको लागि शारीरिक र मानसिक श्रम गर्नुपर्छ । उचित र साझा उपभोग तथा बुद्धिमत्तापूर्ण व्यवस्थापनको आवश्यकता छ । समाजमा सबैले अरूलाई आफ्नो दाजुभाइ तथा दिदीबहिनी देख्नुपर्छ । वैवाहिक सम्बन्ध बाध्यात्मक हुनुहुँदैन । छोराछोरीलाई एकै प्रकारको लालनपालन र शिक्षा हुनुपर्छ । सबैको हुर्काइ सामाजिक हुनुपर्छ । कसैलाई घरानाअनुसार भेदभाव गर्नुहुन्न । सबैले एउटा न एउटा काम गर्नुपर्छ । काम नगरे व्यक्तित्वमा अनेक विकार उत्पन्न हुन्छ । निजी सम्पत्ति नै सबै भेदभाव, युद्ध तथा मुद्दामामिलाको मुहान हो ।

ज्याँ मेल्येको विचारमा गम खाँनु हिजोभन्दा आज अझ बढी सान्दर्भिक हुन्छ । प्रकृति नै उल्टिरहेको वर्तमान घडीमा ज्याँ मेल्येको विचारलाई एउटा देशमा मात्र होइन, विश्वकै चिन्तनधारा बनाउनु ढिलो भइसकेको छ ।

अक्टोबर क्रान्ति हुनुभन्दा ठीक २०० वर्षअघि सन् १७१७ मा फ्रान्समै

बाँकी पृष्ठ ७ मा

# पठन संस्कृति र कामरेड स्तालिन

✍ संगीता




जोसेफ स्तालिन एक सचेत बौद्धिक हुनुहुन्थ्यो । उहाँ एक अथक र समर्पित पाठक हुनुहुन्थ्यो । उहाँले आजीवन नयाँनयाँ ज्ञानको खोज गरिरहनुभयो । उहाँको लागि पढाइ निजी सोख थिएन । बरु, व्यवहार र राजनीतिको अभिन्न अङ्ग थियो ।

## पुस्तक पढैयाहरूको देश

बोल्शेभिकहरू विचार वा शब्दको शक्तिमाथि आस्था राख्थे । उनीहरूको अगुवाइमा भएको सन् १९१७ को अक्टोबर क्रान्तिमा छापाखानाको ठुलो योगदान रह्यो । स्तालिन आफै यो छापाखाना संस्कृतिका एक सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो । मार्क्सवाद र लेनिनवादको अप्ठ्यारो सिद्धान्तलाई सरल भाषामा जनतामाझ लग्ने सच्चा प्रचारक र सहजकर्ता हुनुहुन्थ्यो स्तालिन । क्रान्तिअघि बोल्शेभिक पार्टीको प्रकाशन 'प्राभ्दा' लाई बहुसङ्ख्यक जनताबिच लैजान उहाँको ठुलो योगदान रह्यो ।

क्रान्तिपछि बोल्शेभिक पार्टीले आफ्नो पठन संस्कृतिलाई जनताबिच विस्तार गर्‍यो । बोल्शेभिकहरूले पुस्तक पढैयाहरूको देश निर्माण गर्ने उद्देश्य लिए । पठन संस्कृतिले राज्यकीय नीतिको रूप लियो । उनीहरूले खासगरी यी तीन नीति लिए :

**१. राष्ट्रियकरण :** क्रान्तिलगत्तै बोल्शेभिक पार्टीले प्रकाशन उद्योगलाई राष्ट्रियकरण गर्‍यो ।

**२. पुस्तकालय सञ्जाल :** लेनिनले सामूहिक साक्षरता र सांस्कृतिक ज्ञानमा जोड दिनुभयो । पुस्तकालय, वाचनालय र घुम्ती पुस्तकालयको एउटा विशाल सञ्जाल निर्माण गर्नुपर्छ भन्नुभयो । उहाँले प्रत्येक घरबाट १० मिनेटको दूरीसम्म पुस्तकालय पुर्‍याउने चाँजो मिलाउन भन्नुभयो । क्रान्तिपछि उहाँको परिकल्पनाले साकार रूप लियो । यो नीति कति सफल भयो भने दोस्रो विश्वयुद्धको अन्त्यसम्ममा सोभियत सङ्घभरि ८० हजार पुस्तकालयहरू अस्तित्वमा आए ।

**३. साहित्य प्रवर्द्धन :** बोल्शेभिकहरू जनतालाई आख्यानका कालजयी कृति पढाउन चाहन्थे । सन् १९१८ मा उनीहरूले यी पुस्तकहरूको एउटा शृङ्खला नै तयार पार्न 'जनताको पुस्तकालय' स्थापना गरे । स्वदेशी र विदेशी दुवै किताब यो शृङ्खलामा समावेश थिए । जनतालाई विलियम शेक्सपियर, चार्ल्स डिकेन्सलगायतका कृति पढाउने अभियान थालियो ।

यसरी पुस्तक अध्ययन वा पठन संस्कृतिलाई समाज रूपान्तरणको मुख्य औजार नै बनाइयो । सोभियत सङ्घ पढैयाहरूको देशको रूपमा चिनिन थाल्यो ।

## पढाइका पहिला वर्षहरू


स्तालिन बाल्यकालदेखि नै किताबप्रेमी र स्वाध्यायी हुनुहुन्थ्यो । यो बानीले उहाँलाई जुनीभरि छोडेन ।

एक पहाडी राज्यको गरिब परिवारका सन्तान स्तालिनको जीवन वास्तवमा पुस्तकले नै बदलिदिएको थियो । उहाँका बुबा जुत्ता सिउने सार्की हुनुहुन्थ्यो भने आमा धनीमानीका लुगा धुने काम गर्नुहुन्थ्यो । पढाउन नसकेर उहाँलाई सानै उमेरमा धार्मिक गुरुकुलमा भर्ना गरिएको थियो । गुरुकुलमा पढ्दापढ्दै उहाँले मार्क्स, एङ्गेल्स, डार्विन, फाराडेलगायत रुसका साहित्यको लुकीछिपी अध्ययन गर्नुभएको थियो । पन्ध्र वर्षको उमेरमै उहाँ मार्क्सवाद अध्ययन मण्डल नामक सङ्गठन बनाएर पठन संस्कृतिमा होमिनुभयो । गुरुकुल प्रशासनले गैरकानुनी किताबहरू (क्रान्तिकारी र वैज्ञानिक साहित्य) पढेकोमा उहाँलाई गुरुकुलबाट निकाला गर्‍यो । उहाँको औपचारिक अध्ययन १० कक्षा पनि पूरा नपढी टुङ्गियो । तर, स्वाध्ययन झन्झन् गहिरिँदै गयो । उहाँ अध्ययन अनुसन्धानसँगै लेखन र सम्पादनमा पनि सक्रिय रहनुभयो ।

अध्ययनले स्तालिनलाई व्यक्तिगतरूपमा मात्र बदलेन । रुसका मजदुर र किसानहरूको अध्ययन गर्ने बानीले देशलाई नै क्रान्तितर्फ डोहोर्‍यायो । यसमा बोल्शेभिक पत्रिका 'प्राभ्दा' ले ठुलो भूमिका खेल्यो । यिनै अनुभवले गर्दा अध्ययन र चिन्तनमा समाज र मानव स्वभावको काँचुली फेर्ने शक्ति हुन्छ भन्ने विश्वास थियो स्तालिनको ।

## स्तालिनको पुस्तक सङ्ग्रह

स्तालिनको निजी पुस्तक सङ्ग्रह वा पुस्तकालय निकै भव्य थियो । उहाँको मृत्यु हुँदा उहाँको पुस्तकालयमा करिब २५ हजार पुस्तक, पत्रपत्रिका र पर्चा थिए । तीमध्ये झन्डै ११ हजार पुस्तक आख्यान थिए भने ८५ सय पुस्तक गैरआख्यान थिए । उहाँको पुस्तक सङ्ग्रह एकै स्थानमा थिएन । उहाँका धेरै पुस्तक मस्कोस्थित उहाँको घर ( दाचा) मा राखिएका थिए । त्यहाँ एउटा भव्य पुस्तकालय कोठा थियो । त्यसको टेबलमा किताब, किताबका पाण्डुलिपि र कागजातहरूको चाङ लागेको हुन्थ्यो ।



स्तालिनको बौद्धिक रुचि फराकिलो थियो । सन् १९२५ को मे महिनामा उहाँले आफ्नो निजी पुस्तकालयमा रहेका पुस्तकलाई विभिन्न विधामा वर्गीकरण गर्न भन्नुभयो । यसबाट उहाँको व्यवस्थित सोच, फराकिलो विश्व दृष्टिकोण र बौद्धिक प्राथमिकता उजागर हुन्छ ।

पुस्तकको वर्गीकरण यसप्रकार थियो - दर्शन, मनोविज्ञान, समाजशास्त्र, राजनीतिक अर्थशास्त्र, वित्त, उद्योग, कृषि, सहकारिता, रुसी इतिहास, अन्य देशहरूको इतिहास, कूटनीति, बाह्य र आन्तरिक व्यापार, सैन्य मामिला, राष्ट्रिय प्रश्न, अधिवेशन र सम्मेलनहरू, मजदुरहरूको अवस्था, किसानहरूको अवस्था, कोम्सोमोल (युवा सङ्घ), अन्य देशका क्रान्तिको इतिहास, सन् १९०५ को क्रान्ति, सन् १९१७ को फेब्रुअरी क्रान्ति, सन् १९१७ को अक्टोबर क्रान्ति, लेनिन र लेनिनवाद, रुसी कम्युनिस्ट पार्टी (बोल्शेभिक) र इन्टरनेसनलको इतिहास, रुसी कम्युनिस्ट पार्टीका बहसहरू (लेख, पर्चा), ट्रेड युनियनहरू, आख्यान, कला समीक्षा, राजनीतिक जर्नलहरू, विज्ञानका जर्नलहरू, शब्दकोशहरू, संस्मरणहरू । यसरी स्तालिनको पुस्तकालयमा ३० भन्दा बढी विधाका पुस्तक थिए । आफ्ना पुस्तकहरूमा स्तालिनले एउटा छाप लगाउनुहुन्थ्यो । छापमा लेखिएको हुन्थ्यो - Biblioteka I. V. Stalina ।

## पुस्तकालयको दु:खद कथा

स्तालिनको निधनपछि उहाँको पुस्तकालयको संरक्षण गरिएन । धेरै पुस्तक यत्रतत्र छरिएको अवस्थामै रहे । कति पुस्तक अनेक पुस्तकालयलाई बाँडियो । स्तालिनको निधनपछि उहाँको दाचालाई सङ्ग्रहालयमा परिणत गर्ने योजना बनेको थियो । तर, सन् १९५६ मा स्तालिनविरुद्ध विषवमन गर्ने 'गोप्य भाषण' गरेपछि संशोधनवादी नेता खुश्चेभले त्यो योजना नै खारेज गरे । यसपछि स्तालिनका अधिकांश पुस्तक अन्य पुस्तकालयहरूमा छरिन पुगे ।

पछि सोभियत अभिलेख र पुस्तकालयमा काम गर्ने केही संवेदनशील व्यक्तिहरूले स्तालिनको पुस्तकालयको महत्त्वपूर्ण हिस्सालाई जोगाए । यसरी जोगाइएका पुस्तकमध्ये स्तालिनले चिह्न लगाउनुभएका र टिपोट लेख्नुभएका झन्डै ४०० पुस्तक रुसी कम्युनिस्ट पार्टीको अभिलेखालयमा सुरक्षित छन् । यी टिपोटलाई 'पोमेत्की' भनिन्छ । यी टिपोटले पुस्तकप्रति स्तालिनको निजी विचार र पुस्तक पढ्दा उहाँमा उत्पन्न भएको भावना बुझ्न सघाउँछन् । यसबाहेक स्तालिनका अन्य केही हजार थान पुस्तक पनि जोगाइएको छ । यी अभिलेखबाट स्तालिनको व्यक्तित्वको नखुलेको पाटो उजागर हुन्छ ।

## मनपर्ने विधाहरू

स्तालिनले मूलत: रुसी र मातृभाषा जर्जियालीमै पुस्तक पढ्नुहुन्थ्यो । यसकारण, उहाँ प्राय: अनुवादमा निर्भर हुनुहुन्थ्यो । यिनै भाषामा उहाँले इतिहास, मार्क्सवादी सिद्धान्त, सैन्य रणनीति र आख्यानका पुस्तकहरू पढ्नुभयो ।

इतिहासमा स्तालिनको विशेष लगाव थियो । खासगरी प्राचीन इतिहासमा उहाँको गहिरो रुचि थियो । उहाँले जारकालीन रुसको इतिहासको गहिरो अध्ययन गर्नुभएको थियो । खासगरी इभान भयङ्कर, पिटर महान् र क्याथरिन महान्जस्ता जार शासकबारे विस्तृत अध्ययन गर्नुभएको थियो । ती विषयमा उहाँले अलेक्सेइ तोल्सतोय र रोबर्ट भाइपरले लेखेका 'इभान ग्रोज्नी' लगायत रचना पढ्नुभएको थियो । प्राचीन इतिहासमा उहाँको विशेष दक्खल थियो । उहाँले प्राचीन इतिहासकार हेरोडोटसको दुई खण्डमा प्रकाशित पुस्तक 'इतिहासहरू' पढ्नुभयो । उहाँले रोमन साम्राज्यको उदय र पतनबारे गहिरो अध्ययन गर्नुभएको थियो । प्राचीन रोम, ग्रिस र पूर्वी सभ्यताबारे रोबट भाइपरले लेखेका पुस्तकहरू पनि उहाँको रोजाइमा परेका थिए ।

स्तालिनले सैन्य इतिहास र सैन्य रणनीतिका पुस्तकको व्यापक अध्ययन गर्नुभयो । उहाँ जारकालीन सेनापतिहरू अलेक्सान्द्र सुभोरोभ र मिखाइल कुतुजोभका ठुला प्रशंसक हुनुहुन्थ्यो । नेपोलियनले रुसमा आक्रमण गर्दा जर्नेल कुतुजोभकै नेतृत्वमा रुसी जनता विजयी भएका थिए । उनको विषयमा स्तालिनले मिखाइल ब्रागिनले लेखेको 'पोल्कोभोदेत्स कुतुजोभ' पुस्तक पढ्नुभएको थियो । त्यस्तै, उहाँले विदेशी सैन्यविद्का रचना पनि पढ्नुभयो । उहाँले फ्रान्सेली जर्नेल फ्रेडरिक जर्ज हेरको तोपखानासम्बन्धी पुस्तक पढ्नुभएको थियो । सैन्य सिद्धान्तकार क्लाउवित्जको पुस्तक 'युद्धबारे' लाई स्तालिनले पुरानो भनी आलोचना गर्नुभयो भने रुसी सिद्धान्तकार हाइनरिख लीरको सैन्य सिद्धान्तमा बढी चाख लिनुभयो । उनका चार ग्रन्थको अध्ययन गर्नुभयो । उहाँले बोरिस शापोश्निकोभको 'सैन्य बुद्धि' पढ्नुभयो । शापोश्निकोभले 'फौजी तैनाथी नै युद्ध हो' भन्ने वाक्यांशलाई लोकप्रिय बनाएका थिए । त्यस्तै उहाँले युद्धकला र सैन्य इतिहासको विशद अध्ययन गरेकै हुनाले दोस्रो विश्व युद्धमा स्तालिनले सोभियत सङ्घको सफल सैन्य नेतृत्व गर्नुभयो ।

रुसको बहुजातीय भूराजनीतिक बनोटबारे स्तालिन संवेदनशील हुनुहुन्थ्यो । यसकारण, उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मामिलाको मसिनो अध्ययन गर्नुहुन्थ्यो । उहाँ कूटनीतिका पनि गम्भीर अध्येता हुनुहुन्थ्यो । उहाँले जर्मन चान्सलर बिस्मार्कको 'आत्मसंस्मरण', भिस्काउट डिएबर्ननको 'डायरी', एनाबेल बुकरको 'अमेरिकी कूटनीतिहरूको सत्य' आदि पढ्नुभएको थियो । उहाँले ह्यारोल्ड निकोल्सनको कूटनीतिसम्बन्धी पुस्तकहरू पढ्नुभयो । बेलायतको विदेश नीतिमा उहाँको गहिरो चासो थियो । त्यस्तै, उहाँले अमेरिकाको संविधानको अध्ययन गरेर अमेरिकाको सङ्घीय प्रणालीलाई व्यवहारमा एकात्मक राज्य भन्नुभयो । उहाँले चर्चिल र रुजवेल्टको पनि अध्ययन गर्नुभएको थियो ।

## चौतर्फी अध्ययन

स्तालिनका प्रिय लेखक लेनिन हुनुहुन्थ्यो । आफ्नो पुस्तकालयमा उहाँले लेनिनका कृतिहरू राख्ने अलग्गै खण्ड बनाउनुभयो । लेनिनलाई उहाँ आफ्ना शिक्षक र आदर्श मान्नुहुन्थ्यो ।

उहाँले लेनिनका 'एक पाइला अगाडि, दुई पाइला पछाडि', 'भौतिकवाद र अनुभवसिद्ध आलोचना' लगायत पुस्तकको गहिरो अध्ययन गर्नुभएको थियो । उहाँ लेनिनका रचनामा पाइने तर्कशक्तिको बेजोड प्रयोगबाट कायल हुनुहुन्थ्यो । लेनिनका पुस्तक तथा लेखमा स्तालिनले कतै पनि आलोचना गरेको पाइँदैन । बरु, आफूलाई लेनिनको योग्य शिष्य बनाउने लक्ष्यमा उहाँ आजीवन हिँडिरहनुभयो ।

स्तालिनले त्रोत्स्कीका कृतिहरूको पनि मसिनो अध्ययन गर्नुभएको थियो । उहाँले त्रोत्स्कीले लेखका 'आतङ्कवाद र साम्यवाद', 'नयाँ बाटो', 'रुसी क्रान्तिदेखि ब्रेस्त लितोभ्स्कसम्मको इतिहास', 'समाजवाद वा पुँजीवाद ?', 'आठ वर्ष : परिणाम र दृष्टिकोण', 'हाम्रा नयाँ अभिभाराहरू' लगायत पुस्तक पढ्नुभएको थियो । ती पुस्तकमा उहाँले ठाउँठाउँमा टिप्पणीहरू लेख्नुभएको थियो । तीमध्ये कतै 'मूर्ख !' त कतै उहाँले स्वीकार्दै 'ठीक !' भनी लेख्नुभएको थियो । यसरी स्तालिनले विषयलाई विरोधीका कोणबाट पनि अध्ययन गर्नुहुन्थ्यो ।

मार्क्स, एङ्गेल्स, लेनिनबाहेक उहाँले धेरै मार्क्सवादी विचारकहरूका कृतिको अध्ययन गर्नुभएको थियो । उहाँले प्लेखानोभको कृति 'इतिहासको एकाङ्की धारणा', रोजा लक्जेम्बर्गको 'आम हडताल', पाउल लाफार्जको 'अल्छी बन्ने अधिकार', 'भाषा र क्रान्ति' जस्ता कृतिको गम्भीर अध्ययन गर्नुभएको थियो । उहाँले आफ्ना समकालीन जिनोभियभ, बुखारिन, कामेनेभ, मोलोतोभ, कार्ल रडेक र लोजोभ्स्कीका धेरै मार्क्सवादसम्बन्धी रचना पढ्नुभएको थियो । कार्ल काउत्स्कीका पुस्तकहरूमा उहाँले 'झूट !', 'मूर्ख !' र 'हाहा !' भनी टिप्पणी गर्नुभएको भेटिन्छ ।

## अध्ययन गर्ने शैली

स्तालिन आफ्ना पुस्तक पढ्नुमात्र हुँदैनथ्यो, तिनलाई पचाउनु पनि हुन्थ्यो । यसको लागि उहाँले विशेष विधि निर्माण

***बाँकी पृष्ठ ७ मा***



दक्षिण अमेरिकी देश भेनेजुयलाका राजधानी काराकसस्थित त्यस देशको सबैभन्दा ठूलो सैनिक ब्यारेक फ्युर्टे टिउनामा अमेरिकी सेनाले गरेको श्रृङ्खलाबद्ध क्षेप्यास्त्र हमला र विस्फोटनको दृश्य जनवरी ३, २०२६ का दिन । अमेरिकी सेनाले काराकसस्थित राष्ट्रपति भवन मिराफ्लोर्स दरबार र नागरिक बस्तीमा समेत क्षेप्यास्त्र हमला गरेको बताइएको छ । *तस्बिर : एएफपी*

# आवासीय क्षेत्रमा अमेरिकाले बम आक्रमण गरेको भेनेजुयलाका रक्षामन्त्रीको भनाइ

काराकस, १९ पुस (एएफपी/एपी) । भेनेजुयलाले शनिबार बिहानै अमेरिकाले आवासीय क्षेत्रमा आक्रमण गरेको आरोप लगाउँदै आक्रमणविरुद्ध ठूलो मात्रामा सैन्य स्रोतहरू परिचालन गर्ने घोषणा गरेको छ ।

आक्रमणपछि अमेरिकी सेनाले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उहाँकी पत्नीलाई नियन्त्रणमा लिई देशबाहिर लगिएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दाबी गरेका छन् ।

भेनेजुयलाका रक्षामन्त्री भ्लादिमिर प्याड्रिनो लोपेजले सामाजिक सञ्जालमा साझा गरिएको एक भिडियो वक्तव्यमा भन्नुभएको छ, "आक्रमणमा संलग्न अमेरिकी सेनाले हाम्रो भूमिमा 'अपवित्र हस्तक्षेप' गरेको छ । उनीहरूले आफ्नो लडाकु हेलिकप्टरबाट मिसाइल र रकेटहरू प्रयोग गरी भेनेजुयलामाथि प्रहार गरेका छन् ।"

लोपेजले थप्नुभयो, "भेनेजुयलाले राष्ट्रको सार्वभौमसत्ता रक्षाको लागि स्थलसेना, वायुसेना, नौसेना, नदी र मिसाइल क्षमताहरूको ठूलो प्रयोग गर्नेछ ।"

ह्वाइट हाउसले मादुरो र उहाँकी पत्नीलाई कहाँ लगिएको हो भन्नेबारे तत्काल केही बताएको छैन । सन् २०२० मार्चमा राष्ट्रपति मादुरोविरुद्ध न्यूयोर्कको दक्षिणी जिल्लामा 'नार्को-आतङ्कवाद' षड्यन्त्रको आरोपमा अभियोग लगाइएको थियो ।

राष्ट्रपति मादुरो पछिल्लो पटक शुक्रबार काराकासमा चिनियाँ अधिकारीहरूसँगको भेटघाटका क्रममा सार्वजनिक हुनुभएको थियो ।

यसैबिच, भेनेजुयलाका अधिकारीहरूले वाशिङ्टनको आक्रमणमा मृत्यु भएका र घाइते भएका सेना र सर्वसाधारणको तथ्याङ्क सङ्कलन भइरहेको जनाएका छन् ।

लोपेजका अनुसार भेनेजुयलाको सबैभन्दा ठूलो सैन्य शिविर फुर्ते तिउना, राजधानी वरपरका मिरान्डा, अराग्वा र ला ग्वाइरा राज्यमा केही आवासीय क्षेत्रमा क्षति पुगेको छ ।

एएफपीका पत्रकारहरूले राजधानी काराकासमा बिहान २ बजे विस्फोटनको आवाज सुनिएको र राजधानी काराकास र वरपरका क्षेत्रमा 'आतङ्क मच्चिएको' बताएका छन् । देशका अन्य शहरहरूमा पनि थप विस्फोटहरू भएका बताइएको छ ।

राजधानीका आकासमा करिब एक घण्टासम्म विमानको आवाज सुनिएको र उक्त अवधिभर व्यापक हवाई आक्रमणहरू भएको र ठूला ठूला विस्फोटका आवाज सुनिएको थियो । आक्रमणबाट भेनेजुयलाको राजधानीका कैयौँ क्षेत्र बिजुलीविहीन भएका छन् ।

रक्षामन्त्री लोपेजले अमेरिकी आक्रमणबाट संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन भएको भन्दै भेनेजुयलाले अमेरिकी आक्रमणको कडा शब्दमा निन्दा गरेको बताउनुभयो ।

# युक्रेनमा सुरक्षा साझेदारहरूसँग वार्ता शान्ति सम्झौता नजिकिँदै

किएभ, १९ पुस (एएफपी) । युक्रेनले शनिबार आफ्ना प्रमुख सुरक्षा साझेदार देशहरूका सुरक्षा सल्लाहकारहरूसँग महत्त्वपूर्ण वार्ता आयोजना गरेको छ । युक्रेनी पक्षले शान्ति सम्झौताको प्रक्रिया अन्तिम चरणतर्फ अघि बढिरहेको दाबी गरिरहँदा रुसले भने नयाँ वर्षको दिन भएको घातक आक्रमणले वार्ताको प्रयासलाई कमजोर बनाएको आरोप लगाएको छ ।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीका अनुसार करिब १५ देशका प्रतिनिधि, युरोपेली सङ्घ र नाटोका अधिकारीहरू वार्तामा सहभागी छन् भने अमेरिकी प्रतिनिधिमण्डल भिडियोमार्फत जोडिएको छ । शनिबारको छलफलपछि 'कोएलिसन अफ द विलिङ' का नेताहरू आगामी साता फ्रान्समा पुनः भेला हुने अपेक्षा गरिएको छ ।

नयाँ वर्षको पूर्वसन्ध्यामा जेलेन्स्कीले अमेरिकाको पहलमा अघि बढाइएको शान्ति योजना करिब ९० प्रतिशत तयार भइसकेको बताए पनि केही महत्त्वपूर्ण क्षेत्रीय विषयमा सहमति हुन बाँकी रहेको उल्लेख गरेका थिए ।

रुसले युक्रेनको करिब पाँचौँ भाग भूभाग कब्जा गरिसकेको छ र उसले दैनिकजसो क्षेप्यास्त्र तथा ड्रोन आक्रमण जारी राख्दा हजारौँ सर्वसाधारणको ज्यान गएको र लाखौँ विस्थापित भएका छन् ।

यसैबीच, रुसले खेरसोनमा रहेको एक होटलमा भएको आक्रमणलाई 'आतङ्कवादी हमला' भन्दै शान्ति प्रयास तोडफोड गरिएको आरोप लगाएको छ । उक्त आक्रमणमा नयाँ वर्ष मनाइरहेका २८ जनाको मृत्यु भएको बताइएको छ । युक्रेनले भने त्यो स्थान सैनिक जमघट भएको दाबी गरेको छ । दुवै दाबी स्वतन्त्र रूपमा पुष्टि हुन सकेका छैनन् ।

अमेरिकाको समर्थनमा तयार पारिएको शान्ति प्रस्तावअनुसार युक्रेनले डोनबास क्षेत्रका केही भाग त्याग्ने र नाटोमा नजाने सहमति गर्नुपर्ने उल्लेख छ । तर जेलेन्स्कीले रुसले कब्जा गरेको भूभागलाई औपचारिक रूपमा रुसकै मान्यता दिने प्रावधान हटाउन युक्रेन सफल भएको बताउनुभएका छन् ।

# लेबनानमा इजरायली सेनाको गोली प्रहार, सुरक्षा उल्लङ्घनको आरोप

बेइरुत, १९ पुस (सिन्हवा) । इजरायली सेनाले दक्षिण लेबननमा शान्ति सैनिकको नजिक दुई पटक गोली चलाएको भन्ने कुरा संयुक्त राष्ट्र अन्तरिम फोर्स इन लेबनन (युनिफिल) ले शुक्रबार जनाएको छ ।

यस्ता घटना 'चिन्ताजनक प्रवृत्ति' को रूपमा लिइएको छ । सैनिकहरूले बिहान कफर शौबा नजिक पहिलोपटक करिब १५ राउन्ड साना हतियारको गोली करिब ५० मिटरको दूरीमा चलाएको थियो । त्यसको २० मिनेटभित्रै दोस्रो टोलीले करीब १०० राउन्ड मेसिन-गनको गोली उस्तै दूरीमा चलाएको छ । यी घटनामा कोही घाइते नभएको र कुनै क्षति पनि नभएको बताइएको छ ।

गोली इजरायली सेनाबाट आएको युनिफिलले अनुमान गरेका छन् । यसपछि संयुक्त राष्ट्र फोर्सले तुरुन्तै गोली रोक्न अनुरोध पत्र पठाएको थियो । शान्ति सैनिकहरूको गतिविधि पहिले नै इजरायली सेनालाई जानकारी दिइएको थियो ।

संयुक्त राष्ट्र फोर्सले भनेको छ, "यस्ता घटना धेरै नियमित रूपमा भइरहेका छन् र चिन्ताजनक प्रवृत्ति बन्दै गएको छ । शान्ति सैनिक नजिक गोली चलाउनु संयुक्त राष्ट्र सुरक्षा परिषद्को सङ्कल्प १७०१ को स्पष्ट उल्लङ्घन हो ।"

इजरायली सेनाले अहिलेसम्म यस घटनामा कुनै प्रतिक्रिया दिएको छैन । पहिलेका झडपमा पनि शान्ति सैनिकका ठाउँहरू लक्षित भएका थिए, जसमा चोटपटक र क्षति पुगेको बताइएको छ ।

## विश्व सङ्क्षेप

### भारतीय सुरक्षा बलद्वारा १४ जना माओवादी विद्रोहीको हत्या : प्रहरी

रायपुर, १९पुस (एएफपी) । भारतले देशको मध्य क्षेत्रमा लामो समयदेखि चलिरहेको विद्रोहलाई दमन गर्ने अभियानका क्रममा भारतीय सुरक्षा बलले शनिबार दुई झडपमा १४ जना माओवादी विद्रोही लडाकुहरूको हत्या गरेको प्रहरीले जनाएको छ ।

मध्य भारतमा सीमान्तकृत आदिवासीहरूको अधिकारका लागि लडिरहेको भन्दै नक्सलवादी विद्रोहीहरूले दशकौँदेखि चलाएको विद्रोहमा दश हजारभन्दा बढी मानिसहरूको मृत्यु भएको छ ।

सरकारले यस समूह माथि कारबाही गरिरहेको छ, जसको नाम हिमालयको फेदमा रहेको गाउँको नाममा राखिएको छ जहाँ लगभग छ दशकअघि माओवादी-प्रेरित विद्रोह सुरु भएको थियो ।

प्रहरीका अनुसार विद्रोहीहरूलाई मध्य राज्य छत्तीसगढमा शनिबार गोली हानेर मारिएको थियो ।

छत्तीसगढ प्रहरीले विज्ञप्ति जारी गर्दै मासुकमा र बिजापुर जिल्लामा भएको झडपमा १४ जना माओवादी मारिएको जनाएको छ ।

विद्रोहीहरूबाट गोलाबारुद र एसल्ट राइफलहरू जफत गरिएको उहाँले बताउनुभएको छ ।

अधिकारीहरूले बारम्बार मार्चको अन्त्यसम्ममा विद्रोह पूर्णरूपमा अन्त्य गर्ने वाचा गरेका छन् ।

सन् २००० को दशकको मध्यमा अनुमानित १५ हजारदेखि २० हजार लडाकुहरूसहित नक्सालवादी विद्रोहले कुनै समय देशको लगभग एक तिहाइ भागमा प्रभुत्व जमाएको थियो, तर हालैका वर्षहरूमा समूह कमजोर भएको जनाइएको छ । सरकारी तथ्याङ्कअनुसार सन् २०२४ देखि छत्तीसगढमा शीर्ष नेतृत्वको साथै पाँच सय बढी माओवादी विद्रोही मारिएको भारतको सुरक्षा बलले जनाएको छ ।

### रोमानियामा इन्धन चुहावटका कारण ११ हजार बासिन्दाका पानी आपूर्ति प्रभावित

बुखारेस्ट, १९ पुस (सिन्हवा) । रोमानियाको आपतकालीन विभागले ब्रासोभ जिल्लामा इन्धन चुहावटका कारण करिब ११ हजार बासिन्दालाई पिउने पानी आपूर्ति हुन नसकेको जनाएको छ । आपत्कालीन टोलीहरूले प्रभावित समुदायमा तत्काल पिउने पानी वितरण गरिरहेका छन् ।

ब्रासोभ जिल्ला आपत्कालीन कार्यालयले भिक्टोरिया शहर र वरपरका गाउँहरू उचेआ, भिस्टेआ र ड्रागुसमा सहयोग पुऱ्याइरहेको छ । डिसेम्बर महिनाको अन्त्यमा भएको यस वातावरणीय घटनाका कारण चारै स्थानीयतामा पानीको मुख्य स्रोत प्रदूषित भएको थियो ।

अत्यावश्यक सेवाहरूलाई प्राथमिकता दिँदै टोलीहरूले भिक्टोरियाको नर्सिङ होम, स्थानीय अस्पताल र नगर कार्यलयलाई पिउने पानी उपलब्ध गराएका छन् । स्थानीय अधिकारीहरूले वैकल्पिक पानीका स्रोत तुरुन्त सुनिश्चित गरेका थिए । आपतकालीन सेवा तथा आन्तरिक मन्त्रालयका टोलीहरू प्रभावित समुदायलाई निरन्तर सहयोग पुऱ्याउन तत्पर रहेका छन् ।

### कङ्गोमा विद्रोही आक्रमण, १४ जनाको मृत्यु

बेनी, कङ्गो, १९ पुस (एएफपी) । अफ्रिकी मुलुक कङ्गोमा इस्लामिक समूहसँग सम्बन्धित विद्रोहीले तीन गाउँमा एकैसाथ आक्रमण गरी कम्तीमा १४ जनाको हत्या गरेका छन् ।

उत्तर-पश्चिम नर्थ किभु प्रान्तमा राति सात किलोमिटरको क्षेत्रमा विद्रोहीले हमला गरेको स्थानीय नेता माकाएर सिभिकुनुलाले बताउनुभयो । उहाँले भन्नुभयो, "तीन गाउँमा एकसाथ हमला भयो । राति ८ बजेदेखि १० बजेसम्म गोलीबारी भयो । १५ जनाको मृत्यु भयो र १३ घर जले ।"

स्थानीय बासिन्दाहरूले पनि यस आक्रमणलाई पुष्टि गरेका छन् । सेनाले दुई जना सैनिकको पनि मृत्यु भएको जनाएको छ ।

विद्रोहीहरूले लडाकु समूह गठन गरेका थिए र १९९० दशकदेखि उत्तरपूर्वी कङ्गोमा सक्रिय छन् । यसले हजारौँ सर्वसाधारणको हत्या गरिसकेको छ ।

सन् २०२१ देखि युगान्डाका सैनिकहरू कङ्गोको सेनासँग मिलेर यस समूहविरुद्ध लडेका छन्, तर हिंसा रोक्न सफल भएका छैनन् ।

विद्रोही प्रायः असहाय नागरिकमाथि हमला गर्छन् र त्यसपछि जङ्गलतर्फ भाग्छन् ।

हार्दिक समवेदना



जन्म
२०१८/११/२३

निधन
२०८२/०९/१४

हाम्रा आत्मीय मित्रद्वय रामसुन्दर लवजुका पूजनीय पिता तथा सविता मचामसीका ससुराबुबा **रामचन्द्र लवजु**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

-साथीहरू-

अञ्जु ग्वाछा
रञ्जना ख्याजु
मंगलमाया लघु
ललिता गोसाई
विष्णुकेशरी ह्योङ्गुजु
राजमती सुवाल
अञ्जना छुस्याबाग
राजेन्द्र दुवाल
शक्तिस कोजु
सुनिल सुवाल
अनिल न्हेम्हाफुकी

# हिजो मजदुर आज विद्यार्थी बेचिँदै छन्

✍ नवीन अधिकारी

नेपालको इतिहास पल्टाउँदा हामीले एउटा दोहोरिँदो चित्र देख्छौँ- मानिसलाई वस्तुका रूपमा बेच्ने र निर्यात गर्ने । कुनै समय यो देशबाट गोरखाली सैनिक पठाइन्थे, पछि खाडी मुलुकतर्फ श्रमिकहरू धकेलिन थाले । आज त्यो क्रम रोकिएको छैन बरु त्यसको स्वरूप नै बदलिएको छ । अब शरीरको श्रम होइन, युवाको सपना र भविष्य निर्यात भइरहेको छ-अध्ययनको नाममा ।

काठमाडौँका गल्लीदेखि साना सहरका बजारसम्म 'एजुकेसन कन्सल्टेन्सी' का साइनबोर्डहरू सजिएका छन् । झिलिमिली अफिस, आकर्षक ब्रोसर, चम्किला वेबसाइट र सामाजिक सञ्जालमा गरिएका दाबी हेर्दा लाग्छ- यी कन्सल्टेन्सीहरू बगेर विश्वका कुनै पनि विश्वविद्यालय पुग्नु सम्भव छैन । अक्सफोर्ड, हार्वर्ड, क्याम्ब्रिज, एमआईटीजस्ता विश्व प्रसिद्ध विश्वविद्यालयका लोगो र नाम यति सजिलै प्रयोग गरिन्छ, मानौँ ती संस्थाहरू नेपालका गल्लीमै शाखा खोलेर बसेका हुन् ।

तर, यहाँ एउटा गम्भीर प्रश्न जन्मिन्छ- के साँच्चै हाम्रो जस्तो शैक्षिक, आर्थिक र संरचनागत रूपमा कमजोर देशको कुनै सानो कोठामा खोलिएको कन्सल्टेन्सीले विश्वका शीर्ष विश्वविद्यालयहरूमा विद्यार्थी पठाउने हैसियत राख्छ ? कि यी नामहरू व्यापार बढाउने हतियार मात्र हुन् ?

विश्वका उत्कृष्ट विश्वविद्यालयहरूमा पढ्न जानु केवल फारम भर्ने प्रक्रिया होइन । त्यहाँ विश्वभरिका उत्कृष्ट विद्यार्थीहरूबिच कठोर प्रतिस्पर्धा हुन्छ । असाधारण शैक्षिक उपलब्धि, अनुसन्धान क्षमता, अन्तर्राष्ट्रिय स्तरको शैक्षणिक दृष्टि र उच्चस्तरीय सिफारिस पनि चाहिन्छ । यसको अभावमा संस्थाहरूमा प्रवेश पाउनु लगभग असम्भव मानिन्छ ।

तर, नेपालका धेरै कन्सल्टेन्सीले यो यथार्थ विद्यार्थीलाई स्पष्ट रूपमा बताउँदैनन् । बरु 'सबै मिलाइ दिन्छौँ', 'हामीसँग विश्वविद्यालयको प्रत्यक्ष सम्पर्क छ', 'छात्रवृत्ति पक्का' जस्ता आश्वासन बाँड्छन् ।

यहीँबाट सुरु हुन्छ- अध्ययन प्रक्रिया होइन, डिल प्रक्रिया । धेरै कन्सल्टेन्सीहरूका लागि विद्यार्थी ज्ञान खोज्ने व्यक्ति होइन, कमिसन दिने 'फाइल' मात्र हुन् । विद्यार्थीको रुचि, क्षमता र दीर्घकालीन लक्ष्यभन्दा पनि कुन देशको विश्वविद्यालयमा अस्वीकृत हुने सम्भावना कम छ, कुन विश्वविद्यालयले एजेन्टलाई पैसा दिन्छ, कुन भिसा छिटो लाग्छ आदि कुरामा विद्यार्थी अल्झिन पुग्छ । मोलमोलाइ यहीँबाट सुरु हुन्छ । यसरी विद्यार्थीको भविष्य एउटा व्यापारिक समीकरणमा सीमित हुन जान्छ ।

खोज गर्दा देखिन्छ- विद्यार्थीलाई प्राय: उनी आवेदन दिइरहेका विश्वविद्यालयको वास्तविक स्तर, अध्ययन हुने पाठ्यक्रमको अन्तर्राष्ट्रिय मान्यता वा भविष्यको रोजगारी सम्भावनाबारे स्पष्ट जानकारी नै दिइँदैन । किनभने यस्ता प्रश्नले शङ्का जन्माउँछन् र शङ्काले व्यापार बिगार्न सक्छ । त्यसैले सत्यभन्दा सजिलो सपना बेचिन्छ ।

यस व्यापारमा सबैभन्दा ठुलो हिस्सा आर्थिक शोषणको छ । अप्लिकेसन प्रोसेसिङ, डकुमेन्टेसन, अन्तर्वार्ता तयारी, भिजा सर्भिस र ट्रेनिङ शुल्कजस्ता शीर्षकमा विद्यार्थीबाट लाखौँ असुलिन्छ । विडम्बना के भने- यीमध्ये अधिकांश काम विद्यार्थी आफैँले गर्न सक्छन्, त्यो पनि नि:शुल्क वा न्यून खर्चमा । तर, कन्सल्टेन्सीले यस्तो वातावरण बनाइदिन्छ कि उनीहरूबिना केही सम्भव छैन । यसरी शिक्षा होइन, निर्भरता बेचिन्छ ।

धेरै विद्यार्थीहरू हार्वर्ड, अक्सफोर्ड, एमआईटीको सपना बोकेर कन्सल्टेन्सीको ढोका ढकढक्याउँछन् । उनीहरूलाई आश्वासन दिइन्छ- 'प्रयास गरौँ', 'सम्भावना छ', 'व्यक्ति प्रोफाइल हामी बनाइदिन्छौँ' आदि । तर, अन्त्यमा ती विद्यार्थीहरू पुग्छन् न्यून ग्याप्टिङ निजी विश्वविद्यालयमा वा केवल अन्तर्राष्ट्रिय विद्यार्थीबाट पैसा उठाउने संस्थामा । जब प्रश्न उठाइन्छ तब जवाफ दिइन्छ- 'तपाईँको प्रोफाइल कमजोर रहेछ' ।

तर त्यो सत्य पहिल्यै कहिल्यै भनिँदैन । यस सम्पूर्ण प्रक्रियामा राज्यको भूमिका झनै चिन्ताजनक छ । शिक्षा मन्त्रालय र सम्बन्धित निकायहरू कागजी अनुमति र प्रक्रियामा सीमित देखिन्छन् । कन्सल्टेन्सी खोल्न के कस्तो योग्यता चाहिन्छ, झूटो दाबी गरे के सजाय हुन्छ, विद्यार्थी ठगिए कहाँ जान्छ- यी प्रश्नहरूको स्पष्ट उत्तर छैन । नियमनको कमजोरीले शिक्षा क्षेत्रलाई खुला बजार बनाइदिएको छ, जहाँ नियमभन्दा दलाली बलियो छ ।

अभिभावक र समाज पनि अनजानमै यस व्यापारका साझेदार बन्दै गएका छन् । 'नेपालमा केही छैन', 'विदेश नगई भविष्य छैन' भन्ने मानसिकताले कन्सल्टेन्सीहरूलाई थप शक्ति थपिदिएको छ । विदेश अध्ययन आफैँमा गलत होइन, तर आम मानिसको सपनालाई बजारमा बेच्नु गम्भीर समस्या हो ।

निष्पक्ष रूपमा भन्नुपर्दा, सबै कन्सल्टेन्सी खराब छैनन् । केही संस्थाहरू इमानदारीपूर्वक मार्गदर्शन गर्छन्, विद्यार्थीलाई यथार्थ बुझाउँछन्, स्वयम्‌लाई आवेदन भर्न सक्षम बनाउने पनि छन् । तर समस्या के हो भने- राम्रा र खराब छुट्याउने संयन्त्र छैन । खराब कन्सल्टेन्सीले राम्रोको नाम पनि बदनाम गरिरहेको छ ।

यही सन्दर्भमा एउटा गम्भीर प्रश्न छ- के अध्ययनको नाममा भइरहेको यो प्रक्रिया नयाँ प्रकारको मानव बेचबिखन होइन ? जब विद्यार्थी वस्तु बन्छ, सपनाको मूल्य तोकिन्छ र भविष्यको व्यापार हुन्छ, तब यसलाई तपाईं के भन्नुहुन्छ ?

हिजो श्रमका लागि श्रमिक बेचिन्थे आज विद्यार्थी बेचिँदै छन् । आज यसबारे बोलिएन भने, भोलि यो देशले शिक्षित युवा होइन, ठगिएका पुस्ता उत्पादन गर्नेछ । विद्यार्थी विदेश पढ्न जाँदै छन् कि अध्ययनको नाममा बेचिँदै छन्- यो प्रश्न अब विद्यार्थीको मात्र होइन, नागरिक, समाज र राज्यको हो ।

*- रातोपाटीबाट*

# मेथी

● अरूणा उप्रेती

मेरो बिहान सुरु हुन्छ कागती-पानी, टुसा उमारेको मेथी, आलस, मुङ्ग्लो र फर्सीको दाना, ज्वानो र भाङ्गो मिसिएको एक चम्चा मिश्रणबाट त्यसपछि मरिच, कागती राखी पकाएको चिया ।

हामी सानो छँदा पेट दुख्दा वा पखाला लाग्दा बज्यैले मेथी जाउलो पकाएर दिनुहुन्थ्यो । एक मुठी चामल, दुई मुठी दाल कसौँडीमा पकाएपछि पाक्ने बेला मेथी र लसुनलाई घिउमा फुराएर जाउलोमा हाल्नुहुन्थ्यो र केही छिन छोपेर अलिकता गाईको घिउ हालेर पस्किनुहुन्थ्यो । त्यो मेथी जाउलोले पेट निको गर्थ्यो । त्यतिबेलाको मेथी जाउलोको स्वाद अझै राम्रोसँग याद छ । बज्यैलाई मेथी फुराएर खाँदा पेट दुखेको बेला कसरी मद्दत पुग्छ भन्ने वैज्ञानिक तथ्य सायद थाहा थिएन । तर, उहाँले थाहा पाएको रैथाने ज्ञानले नै हामीलाई ठीक पार्नुहुन्थ्यो ।




मेथीमा धेरै प्रकारका गुण हुन्छन् भन्ने त अहिले सिद्ध भइसकेको छ । मेथीमा रहेको रेशादार पदार्थले कब्जियत घटाउन मद्दत गर्छ । चिनी रोग र उच्च रक्तचाप भएका व्यक्तिलाई पनि यसको सेवनले फाइदा गर्छ । औषधि छोडेर मेथी सेवन गरेरमात्रै चिनी रोग कमचाहिँ हुँदैन भनेर हेक्का भने राख्नुपर्छ । सुत्केरी आमालाई मेथीको दानाको खिर बनाएर दिने चलन पनि छ । कतिपय चाहिँ मेथीको खिर पनि कसरी खाने होला र, तीतो पो हुन्छ भन्ठान्छन् । तर, मेथीलाई भिजाई त्यसको पानी निचोरेर दूधमा पकाएर खाँदा त्यसको तीतोपन धेरै कम हुन्छ र फेरि बानी लागिसकेपछि त त्यही तीतोपन नै मिठोपनमा बदलिन्छ ।

मेथी सेवनबाट सुत्केरी आमाको स्तनबाट दूध बढी आउँछ । गर्भवती र सुत्केरी महिलालाई स्वस्थ राख्न अनेक किसिमको महँगो र बाहिरी खानेकुरा किन्नै पर्दैन, घरमै भएका खानेकुराले महिला स्वस्थ रहन सकिन्छ । तीमध्ये मेथीको प्रयोग पनि गर्भवती र सुत्केरी महिलालाई स्वस्थ राख्ने एक तरिका हो । गर्भवती महिलालाई कब्जियत हुनु साधारण समस्या हो ।

बाहिरका अनेकथरी औषधि किनेर कब्जियत हटाउनुको सट्टा भिजाएर टुसा उमारेको मेथीको सलाद बनाएर खानुपर्छ । मेथीमा रहेको लौह तत्त्वले रगत बढाउन पनि मद्दत गर्छ । सलादमा कागती हालेपछि मेथीमा रहेको लौह तत्त्व राम्रोसँग शोषण हुन्छ ।

भिटामिन एले भरिएको मेथीको साग बालबालिकालाई दिँदा उनीहरूको आँखा र छाला राम्रो हुनुका साथै रोगसँग लड्ने शक्ति पनि त बढ्छ मेथीको सागलाई मसिनो पारी पिठो मुछ्दै हालेर पराठा पकाउन सकिन्छ । स्कूल जाने नानीलाई बिस्कुट, चाउचाउजस्ता अस्वस्थकर खाजाको सट्टा यस्तो साग मिलाएर बनाएको रोटी र तरकारी दिँदा बढी फाइदा हुन्छ ।

*पठन...*


गर्नुभएको थियो । यही विधिमार्फत उहाँ आफूले पढ्ने पुस्तकका लेखकहरूसँग संवाद गर्नुहुन्थ्यो । खासगरी मार्क्सवादी साहित्यको अध्ययनमा उहाँले यो विधिको व्यापक उपयोग गर्नुभएको थियो ।

आफूले पढेका पुस्तकहरूमा उहाँले प्रचुर मात्रामा विशेष चिह्न र टिप्पणी लेख्नुहुन्थ्यो । यिनलाई रुसी भाषामा 'पोमेत्की' भनिन्छ । यी पोमेत्कीहरूबाट उहाँको विचार प्रक्रिया र अध्ययन शैली थाहा पाउन सकिन्छ ।

स्तालिनले पुस्तक पढ्ने बेला विभिन्न रङका कलम प्रयोग गर्नुहुन्थ्यो । खासगरी उहाँले नीलो, हरियो र रातो कलम प्रयोग गर्नुभयो । उहाँका टिप्पणी आफ्नो पूर्व जानकारीलाई व्यवस्थित पार्न गरिन्थे । जस्तै, एक सैन्यविद्‌को प्रशंसा गरिएको हरफको छेउमा उहाँले लेख्नुभयो - सबैभन्दा महत्त्वपूर्ण कुरा मार्क्सवादको ज्ञान हो । उहाँको तात्पर्य 'सैन्य नेतृत्व मात्र पर्याप्त नहुने' थियो ।

स्तालिनले पुस्तकका धेरै स्थानमा 'ध्यान दिनुपर्ने' वा 'सबैलाई थाहा भएको कुरा' लेख्नुहुन्थ्यो । पुस्तकमा उहाँ बालसुलभ मनोभाव अभिव्यक्त गर्नुहुन्थ्यो । जस्तो, उहाँले 'हो', 'राम्रो', 'सही', 'हाहाहा', 'हो र ?', 'झूटो !', 'सहमत', 'हैट !' जस्ता आफ्ना भावावेगसमेत किताबका किनारमा लेख्नुहुन्थ्यो । यसबाट पुस्तक अध्ययनमा उहाँको लगाव अभिव्यक्त हुन्छ ।

स्तालिनका पुस्तकहरूमा औँठाका छाप, चियाका दाग र कताकति चुरोटका खरानी समेत भेटिन्छन् । त्यस्तै, उहाँ मार्जिनमा आफ्ना निजी विचार र विभिन्न चित्रहरू पनि कोर्नुहुन्थ्यो । यसबाट उहाँ सक्रिय पाठक हुनुहुन्थ्यो भन्ने बुझिन्छ । उहाँ 'कमजोरी', 'अल्छीपना' र 'मूर्खता' लाई मार्क्सवाद-लेनिनवादसँग मेल नखाने दुर्गुण ठान्नुहुन्थ्यो । उहाँ मार्क्सवादलाई सर्वोपरि मान्नुहुन्थ्यो र यसको ज्ञानबिना व्यक्ति बौद्धिक रूपमा कमजोर र अज्ञानी बन्ने ठान्नुहुन्थ्यो ।



### लेखकहरूसँगको सङ्गत

स्तालिनले साहित्यकार तथा लेखकहरूलाई 'मानव आत्माका इन्जिनियरहरू' को संज्ञा दिनुभयो । यी 'इन्जिनियर' हरूले मान्छेको स्वभाव र समाजलाई नै बदल्ने सामर्थ्य राख्छन् भन्ने उहाँको बुझाइ थियो । यसकारण, स्तालिनले प्रशस्त आख्यान साहित्यको अध्ययन गर्नुभयो । उहाँले हजारौँ कथा, कविता, नाटक र उपन्यासका पुस्तक सङ्कलन गर्नुभएको पाइएको छ ।

सानोमा धार्मिक पाठशालामा पढेको हुनाले स्तालिनले सबैभन्दा गहिरो गरी पढेको पुस्तक बाइबल थियो । तिनैताका उहाँले धर्मइतर पुस्तक पढ्न थाल्नुभयो । फ्रान्सका साहित्यकार भिक्टर ह्युगोको उपन्यास 'समुद्रका दीनदुखीहरू' पढ्दै गर्दा उहाँलाई पक्राउ गरेर पाठशालाबाट निकालिएको थियो । जारकालीन रुसमा त्यो उपन्यास प्रतिबन्धित साहित्यमा पर्थ्यो । स्तालिनले जर्जियाली लेखक अलेक्सान्द्र काजबेगीबाट प्रभावित भएर आफ्नो छद्म नाम कोबा राख्नुभयो । तिनताका उहाँले जर्जियाली भाषामा देशभक्तिपूर्ण कविताहरू लेख्नुभएको थियो ।

स्तालिनले तोल्सतोय, दोस्तोएभ्स्की, गोगोल, चेखोभ, शेक्सपियर, सर्भान्टेस, शिलर, हाइन, ह्युगो र बाल्जाकका साहित्य पढ्नुभयो । उहाँलाई म्याक्सिम गोर्कीको 'आमा' र 'मृत्यु र एक केटी' असाध्यै मन पर्थे । उहाँले व्यङ्ग्यकार स्चेद्रिनका अप्रकाशित रचना पढ्नुभएको थियो । त्यस्तै, डेनियल डेफो, रडयार्ड किप्लिङका उपन्यासहरू पनि स्तालिनको सङ्कलनमा भेटिएका छन् ।

स्तालिनले रुसका महाकवि पुश्किन, उपन्यासकार दोस्तोएभ्स्की, तोल्सतोय, गोर्की र फ्रान्सका साहित्यकार अनातोली फ्रान्सका पुस्तक बारम्बार पढ्नुहुन्थ्यो । खासगरी आफ्नी पत्नीको निधनपछि उहाँको एक्लोपनका सहारा र बौद्धिक सङ्गतमा उहाँले यिनै लेखकलाई राख्नुभयो । उनीहरूका पुस्तकमा उहाँले प्रेम, विश्वास र मृत्युबारे गहन टिप्पणीहरू लेख्नुभएको थियो ।

### एक अमिट छाप

एक गम्भीर पाठक भएकै हुनाले स्तालिनले सोभियत विचारधारालाई अकार दिन सक्रिय र प्रत्यक्ष भूमिका खेल्नुभयो । उहाँले मार्क्सवादी सिद्धान्त, इतिहास, भाषाविज्ञान र अर्थशास्त्रका क्षेत्रमा अध्ययनको धार नै मोड्ने कृतिहरू लेख्नुभयो ।

उहाँले रुसी कम्युनिस्ट आन्दोलनको पाठ्यपुस्तक 'सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्शेभिक) को इतिहास', 'इतिहासको मिथ्याकरण' लगायत पुस्तक तथा दस्ताबेजको सम्पादन गर्नुभयो ।

स्तालिनकै शासनकालमा रुसका बोल्शेभिक कम्युनिस्टहरूले 'पठन संस्कृति' लाई चरमचुलीमा पुऱ्याए । पुस्तक पढ्नु रुसी जनताको बानी नै बन्यो ।

*केही...*

जन्मेका मोरेलीको विचारलाई एङ्गेल्सले ठुलो महत्त्व दिनुभएको छ । एटियन ग्याब्रियल मोरेलीले प्रकृतिसुहाउँदो समाजको विधान नै लेखे । उनको पुस्तकलाई 'प्रकृतिको विधान' भनिन्छ । उनको पुस्तकलाई नयाँ समाजसम्बन्धी प्रथम पुस्तक भनिन्छ । पुस्तकमा उनले आफ्नो अवधारणालाई दार्शनिक जग पनि दिएका छन् । उनी लोभलाई नै संसारका सबै मनोविकारको मुहान मान्छन् । उनी लेख्छन् - ब्रह्माण्डमा मैले देखेको एउटै खोट भनेको लोभ हो । अरू सबै दुर्गुणहरू थोरैधेरै मात्रामा यसकै फरक रूप हुन् । लालच नै सम्पूर्ण मानवीय दुर्गुणहरूको उत्प्रेरक, अग्रदूत, आधार र वाहन हो । अहङ्कार, मूर्खता, घमण्ड, महत्त्वाकांक्षा, दोहोरो चरित्र, पाखण्ड, बेइमानी आदिलाई केलाउनुस् । हाम्रा सारा मिथ्या आचरणहरूलाई स-साना टुक्रामा टुक्र्याउनुस् । ती सबै दोष एउटै मसिनो र घातक तत्त्वमा गएर टुक्रिन्छ । त्यो दोष हो आफ्नो बनाउने भोक । रुचिहीनता वा उदासिनताको जरामा समेत तपाईंले यही दोष भेट्नुहुनेछ । त्यसैले मोरेली जोड दिँदै लेख्छन् - सम्पत्ति नै नरहने हो भने यसका कुनै पनि घातक असरहरू बाँच्न सक्नेछैनन् ।

मोरेलीलाई समाजवादका अघिल्ला प्रतिनिधि मानिन्छ । उनले आफ्नो विधानमा तीन नियमलाई मूलभूत भनेका छन् । एक, निजी सम्पत्तिको रूपमा केही पनि चीजको किनबेच गर्न नपाइने । दुई, प्रत्येक नागरिक सार्वजनिक व्यक्ति हुने, उसको पालनपोषण सार्वजनिक खर्चबाट हुनुपर्ने । तीन, प्रत्येक नागरिकले आफ्नो क्षमता, प्रतिभा र उमेर अनुसार निश्चित योगदान गर्नैपर्ने । यसबाहेक मोरेलीले वितरण, आर्थिक, निर्माण, कृषि, मितव्ययिता, निरङ्कुशता रोक्ने, प्रशासन र सरकार चलाउनेलगायत अन्य १० वटा कानुनको खाका कोरेका छन् ।

मोरेलीको 'प्रकृतिको विधान' को उद्देश्य सारमा यसप्रकारको समाज निर्माण गर्नु हो : समाजबाट निजी सम्पत्तिको उन्मूलन गर्नुपर्छ । समाजका प्रत्येक एक सदस्य सबैका लागि, सबै एकका लागि हुनुपर्छ । हरेकले आफ्नो योग्यता अनुसार काम गर्नुपर्छ र प्रत्येकले आफ्नो आवश्यकताअनुसार पाउनुपर्छ । फजुल उत्पादन गर्नुहुँदैन । प्रत्येक वस्तु टिकाउ हुनुपर्छ । मोरेलीको विचार पछ्याउँदै फ्रान्समा चार्ल्स फ्युरिए देखापरे भने बेलायतमा रोबर्ट ओवेन देखापरे । ओवेन फ्रान्सेली प्रबोधन युगबाट अत्यन्त प्रभावित थिए । फ्युरिएले पुँजीवादी समाजको आलोचनामा द्वन्द्ववादको प्रयोग गरेर हेगेलभन्दा एक पाइला अघि बढेको पाइन्छ । फ्युरिएले व्यक्तिलाई सामाजिक तुल्याउन बाल्यकालको सामाजिकीकरण गर्नुपर्ने कुरामा ठुलो जोड दिएका छन् । आमाबाबुको लाडप्यारले धनीमानीका छोराछोरी सामाजिक सरोकारका विषयमा असंवेदनशील हुने र समाजलाई कामै नलाग्ने बन्ने गरेकोमा उनले निकै आक्रोशित थिए । अर्कोतिर ओवेनले संसाधनको उचित व्यवस्थापन गरेर आर्थिक मन्दीको बेला पनि आफ्ना कामदारहरूबिच ज्यालाको समुचित वितरण गर्न सफल भएका थिए ।

हामी नेपाली इतिहासलाई २५ सय वर्षअघि तन्क्याएर 'बुद्ध नेपालमा जन्मेका थिए' भन्ने नारा भट्याउँदा औधी हौसिन्छौँ । तर, बुद्धले कल्पना गरेको समाजमा धेरैको चासो हुन्न । अति बाहुनवादीले समेत आफ्नो आस्थाविपरीत 'महान् बुद्धको देश' भनी छाती तन्काउन सक्ने पाखण्ड हामीकहाँ छ । माथि चर्चा गरिएका समाजवादी चिन्तकहरूको आलोकमा नेपाली समाजलाई पर्गेल्ने हो भने हामीले आफ्ना सामाजिक समस्याहरू सर्वत्र देख्नेछौँ र जानुपर्ने मार्ग पनि पहिल्याउनेछौँ । चिन्तनमा समृद्ध वर्गसङ्घर्षले मात्र नेपाली समाजलाई आफ्नो विकासक्रमको उन्नत खुड्किलोमा प्रवेश गराउनेछ ।

# लोकेश्वर साकोसको २१ औँ स्थापना दिवस सम्पन्न



भक्तपुर, १९ पुस । लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि., इताछेँ, भक्तपुरको २१ औँ स्थापना दिवस कार्यक्रम भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।

संस्थाका बाल सदस्यहरूको सुमधुर बाँसुरीको धुनका साथ उद्घाटन भएको कार्यक्रममा प्रमुख अतिथि जोशीले संस्थाको लोकेश्वर दर्पण अङ्क ५ पनि विमोचन गर्नुभएको थियो ।

कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुर नगर एसियाकै एक सुन्दर, सभ्य, सांस्कृतिक, कलात्मक नगरका रूपमा परिचित हुँदै आएको बताउनुभयो । भक्तपुर नगर एक ऐतिहासिक धार्मिक, सांस्कृतिक महत्त्व बोकेको नगरका रूपमा स्थापित रहेकोले यहाँका कला, संस्कृति, मूर्त-अमूर्त सम्पदा तथा मातृभाषालाई जगेर्ना गर्न र पुस्तान्तरण गर्दै जानुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले नगरवासीहरूको चौतर्फी विकासको लागि सीपमूलक तालिम, शैक्षिक ऋण, उद्यमशीलता ऋण, खेलकुद गतिविधि, सांस्कृतिक तथा पर्यटकीय गतिविधिहरू गर्दै आएको बताउनुभयो ।

भनपाका पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले समाजमा पहिलेदेखि चलिआएका परम्परागत गतिविधिहरूमा वैज्ञानिक पक्ष पनि हुने औँल्याउनुभयो । भक्तपुरमा रहेका पुराना कलात्मक मूर्तिहरूको संरक्षण तथा संवर्धन गर्दै चोरीचकारी हुनबाट जोगाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का उपाध्यक्ष जगन्नाथ प्रजापतिले समुदायमा आधारित रहेर सदस्यहरूको हितको लागि कार्य गर्ने सहकारी मात्रै वास्तविक सहकारी हुने स्पष्ट पार्नुभयो । सहकारीको मूल मर्मलाई आत्मसात गर्दै सहकारी सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उहाँले वर्तमान सरकारले राष्ट्रिय सहकारी प्राधिकरणमार्फत सहकारीको मर्मविपरीत विभिन्न निर्देशन तथा मापदण्ड जारी गरी सहकारी ध्वस्त पार्ने षड्यन्त्र भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ का वडा सदस्य एवं संस्थाका संस्थापक अध्यक्ष श्यामसुन्दर मातांले संस्था स्थापनाको पृष्ठभूमि तथा सहकारीको माध्यमबाट विश्व समाजमा भएका विकास निर्माण र परिवर्तनको बारेमा जानकारी दिनुभयो । सहकारी संस्थाहरूको हालको बिग्रँदो परिस्थितिको बारेमा चर्चा गर्दै उहाँले वर्तमान देशको राजनीतिक परिस्थिति नै यसको मुख्य कारण भएको बताउनुभयो ।

संस्थाका पूर्वअध्यक्ष रामसुन्दर सुजखुले समाजमा सहकारी संस्थाको महत्त्वबारे बताउँदै जनताले समुदायमा आधारित सहकारी चिन्नुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष राजन जतिको सभापतित्वमा भएको कार्यक्रममा उहाँले संस्था स्थापनाकालदेखि नै बचत र ऋण कारोबारबाहेक सदस्य तथा समुदायमा आधारित विभिन्न गतिविधिहरू गर्दै आएको बताउनुभयो ।

उहाँले संस्था स्थापना दिवसको अवसर पारेर विगतका वर्षदेखि नि:शुल्क स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम तथा तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

उपाध्यक्ष प्रनेश बाटी र सचिव राजु छुकांले पनि बोल्नुभएको उक्त कार्यक्रममा संस्थाका ज्येष्ठ सदस्य, माध्यमिक तह (१२) उत्तीर्ण विद्यार्थी, संस्थाका अधिक शेयर खरिदकर्ताहरूलाई सम्मान गरी प्रमाणपत्र तथा प्रशंसापत्र वितरण गरिएको थियो । स्थापना दिवसको अवसरमा आयोजित कसिमला पाँय् र डोरी तान्ने प्रतियोगिताका विजयी खेलाडीहरूलाई प्रमाणपत्र तथा मेडल वितरण गरिएको थियो । काठमाडौँमा भएको खुला बाँसुरी बाजा प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल कलाकारहरू र ४५ औँ नेपालभाषा साहित्य त:मुंज्या कार्यक्रममा प्रस्तुत ख्याल 'राष्ट्रिय वृद्धा आश्रम' का कलाकारहरूलाई सम्मान एवं कदरपत्र वितरण गरिएको थियो । स्थापना दिवसकै अवसरमा ३६ जना रक्तदाताहरूले रक्तदान गरेको जानकारी स्वास्थ्य उपसमितिका संयोजक प्रज्ज्वल खत्रीले बताउनुभयो ।


## हार्दिक समवेदना



जन्म
२०१८/११/२३

निधन
२०८२/०९/१४

यस दसतारा ग्रुपका आत्मीय मित्र रमेश लवजुका पूजनीय पिता **रामचन्द्र लवजु**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

साथीहरू

अमृत गाईजु, विश्वराम दुवाल, राकेश भैनात्व
अनिल दुवाल, कृष्णसुन्दर कोजु, राजकुमार मानन्धर
विकेश सुवाल, रवीन लुबंजार, श्रीराम बोहजु

## हार्दिक समवेदना



जन्म
२०१८/११/२३

निधन
२०८२/०९/१४

समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक अध्यक्ष एवम् प्रमुख संरक्षक हरिराम लवजुका पूजनीय दाजु **रामचन्द्र लवजु**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

साथीहरू

विश्वबहादुर दुवाल, प्रमिला रंजित, लक्ष्मीप्रसाद प्रजापति
रामबहादुर मानन्धर, रामकृष्ण मानन्धर


*भेनेजुयलामाथि...*

कूटनीतिक नियोगहरूमा उजुरी गर्ने जनाइएको छ ।

मादुरो सरकारले राष्ट्रसङ्घको बडापत्रको धारा ५१ अनुसार भेनेजुयला सरकारसँग आफ्ना जनता, भूगोल तथा स्वतन्त्रताको बचाउमा आत्मरक्षा गर्ने अधिकार रहेको जनाउँदै विश्वव्यापी ऐक्यबद्धताको लागि अन्तर्राष्ट्रिय समुदायसमक्ष आह्वान गरेको छ ।

### ट्रम्पको दाबी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत भेनेजुयलाविरुद्ध 'ठुलो आक्रमण' गर्नुका साथै राष्ट्रपति निकोलस मादुरोलाई उहाँकी पत्नीसहित अपहरण गरेको जनाएका छन् ।

आक्रमणपछि भेनेजुयलाका उपराष्ट्रपति डेल्सी रोड्रिगेजले राष्ट्रपति मादुरो र उहाँकी पत्नीबारे जानकारी नभएको बताउँदै ट्रम्पलाई मादुरो जीवित रहेको प्रमाण दिन ट्रम्प प्रशासनसित माग गर्नुभएको छ । एक भिडियो वक्तव्य जारी गर्दै उहाँले अमेरिकी आक्रमणको निन्दा गर्दै भेनेजुयलामा विदेशी फौजको सामना गर्न देशभरि फौजी तैनाथ गर्ने घोषणा गर्नुभएको छ ।


भेनेजुयलाका रक्षामन्त्री भ्लादिमिर पेद्रिनो लोपेजले भन्नुभयो, "अन्त्यमा भेनेजुयलाकै जीत हुनेछ, सम्झौता हुँदैन.. हिम्मत नहारौं ।" उहाँले भन्नुभयो, "हामी विजयको झन्डामुनि एकताबद्ध हुनेछौं । हामी शान्तिकामी जनता हौं । स्वतन्त्रताको निम्ति सदा लड्नेछौं । हामीले सधैं मानव जातिको सेवामा हातेमालो गरेका छौं । हामीले हाम्रो जन्मभूमि र हाम्रा जनताको एकताको रक्षा गरिरहनेछौं ।"

त्यसैगरी गृहमन्त्री डायसडाडो काबेलोले अमेरिकी आक्रमणसामु 'शान्त रहेर' जवाफ दिन आह्वान गर्नुभएको छ । उहाँले भन्नुभयो, "हाम्रो नेतृत्वमा विश्वास गर्नुस् । राजनीतिक तथा सैन्य कमान्डले परिस्थिति नियन्त्रणमा लिनेछ । शान्त रहनुहोस् । निराश नबनौं । कपटपूर्वक आक्रमण गर्ने आतङ्ककारी र कब्जाकारी सेनालाई सजिलो नबनाऔँ ।"

**अन्ततः आक्रमण**

सेप्टेम्बर यता अमेरिकाले भेनेजुयलाको समुद्री क्षेत्रमा रहेका डुङ्गाहरूमाथि २० भन्दा बढी आक्रमण गरिसकेको र ११० जनाभन्दा बढीको ज्यान लिइसकेको छ ।

इन्धन निर्यात नै भेनेजुयलाको मुख्य आयस्रोत हो । यसअघि मादुरो सरकार




भेनेजुयाली राष्ट्रपति मादुरो 'लागुऔषध तस्करी' मा सक्रिय रहेको आरोप लगाएको महिनौँपछि अमेरिकाले यो आक्रमण गरेको हो । भेनेजुयला सरकार अमेरिकाविरुद्ध लागुऔषध तस्करीमा संलग्न रहेको आरोपमा अमेरिकाले भेनेजुयलाका तेल बोक्ने जहाजहरूविरुद्ध 'कारबाही' बढाउँदै राष्ट्रपति मादुरोलाई पदबाट हट्न धम्की दिँदै आएको थियो । गत ढलेमा भेनेजुयलाको तेल भन्डार अमेरिकाको लागि खुला गर्ने भेनेजुयाली विपक्षी नेतृ मारिया कोरिना मचाडोले खुलेआम घोषणा गरेकी थिइन् ।

आफ्नै देशको सरकारविरुद्ध आक्रमण गर्न विदेशी गुहार्ने मचाडोलाई यो वर्षको नोबेल शान्ति पुरस्कार दिइएको थियो । यद्यपि, अमेरिकी आक्रमणमा भेनेजुयलाका सरकारविरोधीहरू मौन छन् ।

*आक्रमण...*

अर्थमा विश्वलाई चिनाउने र सचेत पार्ने काममा सञ्चार क्षेत्रको महत्त्वपूर्ण स्थान छ ।

विदेशी हस्तक्षेप, आक्रमण, अतिक्रमणको विरोध पनि सञ्चार क्षेत्रले नगरेको होइन । सामन्त, जमिनदार, पुँजीपति, साम्राज्यवादी, विस्तारवादीहरूको विरोध पनि सञ्चार क्षेत्रले गर्दै आएको हो । जनतालाई सचेत र सङ्गठित नगरी देशमा आमूल परिवर्तन सम्भव नहुने हुँदा जनताको राजनीतिक, वैचारिक र सांस्कृतिक स्तर उठाउने काममा पनि पत्रकारिताको ठुलो हात हुन्छ । सञ्चारकर्मी या पत्रकारहरू यसतर्फ सचेत र गम्भीर हुनुपर्ने हो । पत्रिकाले जनताका माग र समस्यालाई प्राथमिकतामा राखेर लेख, समाचार छाप्नुपर्ने हो । सञ्चारकर्मी र पत्रिका प्रकाशन गर्नेहरू पत्रिका बिकाउने, विज्ञापन बढीभन्दा बढी उठाएर अकुत सम्पत्ति कुम्ल्याउनेतर्फ केन्द्रित हुनु हुँदैन । शत्रु र मित्र नचिनी सामन्त, जमिनदार, पुँजीपति, धनपति, भ्रष्टाचार, कालाबजारी, कमिसनखोर, जनविरोधी र विदेशी दलालहरूको गुणगान गरेर, समाचार, लेख छपाएर अकुत सम्पत्ति कमाउने सञ्चारकर्मीहरू पनि यहाँ नभएका होइनन् । जनताको पीडाभन्दा अवसरवादी, स्वार्थीहरूको गुणगान गरेर खुसी पार्ने र पैसा कमाउने सञ्चारकर्मीहरूतर्फ जनता चनाखो हुनुपर्ने देखिन्छ ।

पत्रकारहरू स्वतन्त्र हुनुपर्ने, राजनीतिमा लाग्न नहुने, आस्थाको पत्रिका होइन कमाउने स्रोत र साधन बनाउनुपर्छ भन्ने सञ्चारकर्मीहरू पनि यहाँ नभएका होइनन् । पत्रिका र पत्रकारको काम राजनीति गर्ने होइन, घटनाको खबर छाप्ने हो भन्ने एकथरीको ठम्याइ छ । देश विदेशको खबर छाप्ने पत्रिका, लेख समाचार लेख्ने पत्रकारहरू राजनीतिबाट कसरी अलग्ग हुन्छन् ? सञ्चारकर्मीहरू राजनीतिबाट कसरी टाढा रहन सक्छन् ? के पत्रिका र पत्रकारले शोषण, दमन र भ्रष्टाचारको विरोध गर्नुहुँदैन ? भारतले मिचेको नेपाली भूमि फर्काउनुपर्छ भनेर के लेख्नु र छपाउनु हुँदैन ? भोलि कुनै देशले नेपालमा आक्रमण गर्‍यो भने के सञ्चारकर्मीहरू मौन बस्न मिल्छ ? के आक्रमणको विरोधमा लेख र समाचार छाप्नु हुँदैन ? वास्तवमा समाजको निम्ति आस्थाको पत्रिका नै खाँचो छ । आस्थाको पत्रिकाले मात्र देश र जनताको समस्याबारे लेख्छ; लेखेर अन्यायको विरोध गर्छ र जनताको पक्ष लिन्छ । आस्थाको पत्रिकामा घटनाको खबर मात्र होइन समाचारसँगै विचार पनि हुन्छ । विचारले नभिजेको पत्रिकाले समस्या समाधानको उपाय दिँदैन । यसकारण, संसारका विभिन्न देशमा आस्थाको पत्रिकाले पनि ठाउँ पाएको हो; आस्थाको पत्रिका पनि आवश्यक छ भनिएको हो ।

समाज वर्गमा विभाजित छ । वर्गमा विभाजित समाजमा राजनीतिक दल मात्र होइन पत्रकारिता या सञ्चार जगत पनि वर्गमा विभाजित छ । पैसाको निम्ति पत्रकारितामा लाग्ने सञ्चारकर्मीहरू आस्थाको पत्रकारितामा चासो राख्दैनन् । उनीहरूलाई देश र जनताको समस्या हल गर्नेभन्दा लेख, समाचार लेखेर अकुत सम्पत्ति कमाउने चासो हुन्छ । त्यस्ता सञ्चारकर्मीले देश विदेशीले मिचे पनि, आक्रमण गरे पनि त्यसको समाचार त छाप्छ तर विरोध गर्दैन । देशमा ठुल ठुला धेरै पत्रिकाहरू सञ्चालनमा छन् । ती पत्रिकामा देश र जनताको समस्या समाधान गर्नेसम्बन्धी खबर त्यति हुँदैन । जेन-जी आन्दोलनको क्रममा देशको सम्पत्तिमा आगजनी गर्दा आगजनीको समाचार प्रकाशित भयो । तर, त्यसको खासै विरोध गरिएको पाइँदैन । संसद् भवन, सिंहदरबार, अदालत जलाउनु कुनै हालतमा सही होइन । सरकारको विरोधको नाउँमा देशको सम्पत्ति ध्वस्त पारेकोको विरोध गर्नुपर्ने हो । आगजनी गर्ने काम ठीक छैन; उनीहरूमाथि कारबाही गर्नुपर्छ भनेर पत्रिकाले लेख्नुपर्ने हो । पत्रकारितामा राजनीति घुस्छ भनेर जसले जस्तो अन्याय गरे पनि पत्रिका मौन बस्ने होइन ।


## प्रतिलिपि अधिकार संरक्षण गरौं।

❖सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
❖सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
❖अर्काको सृजना वा रचना चोरी नगरौं।
❖प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
❖बौद्धिक सम्पत्तिको रक्षा गरौं।
❖सृजनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा